वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, स्टरिड कार्पेन्ट्री, आक वेल्डिङ, क्लिवर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक २१७ ○श्रेणी 'क' ○२०७३ जेठ ५ गते बुधबार ○18 May 2016 ○पृष्ठ ४ ○मूल्य रु. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

नारायणस्थान गुठीको जग्गा व्यक्तिको नाममा

धार्मिक क्षेत्र विकास समिति अदालत जाने तयारीमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

पोखरा उप-महानगरपालिका वडा नं. ३ नदीपुरस्थित नारायण स्थान मन्दिरको नाममा रहेको गुठीको जग्गालाई रैकर बनाएर बेच्न केही व्यक्तिहरु सफल भएका छन् । पोखरा उप-महानगरपालिका वडा नं. १४, (साविक छिनेडाँडा-१) को कि.नं. ९७५ को ८-७-२-१/४ क्षेत्रफल जग्गा पछिल्लो समयमा आएर गुठीबाट पूरै छुट्याएर व्यक्तिको नाममा दर्ता गरिएको छ । पोखराको ऐतिहासिक र पुरातात्विक महत्व बोकेको नारायण स्थान मन्दिरको नाममा पूजा चलाउने प्रयोजनमा रहि आएको पोखरा-१४ को करोडौं मूल्य पर्ने उक्त जग्गालाई राज्य निकायबाटै कागज श्रेस्ता मिलाएर गुठीबाट फुस्काए व्यक्तिगत । रैकर) बनाइएको हो । लामो कसरतपछि मंगलबार जिल्ला मातपोत कार्यालय कास्कीबाट उक्त जग्गा सेखपछिको वकस पत्र पास गरिएको छ ।

कि.नं.९७५ को उक्त जग्गा व्यक्तिगत बनाउने चलखेल यसअघि पनि नभएको होइन तर कास्कीका तत्कालिन प्रमुख जिल्ला अधिकारी यादवप्रसाद कोइरालाको सकियता र अडानका कारण ३ वर्षअघि नै निजी सम्पत्तिको रुपमा नामसारी हुनबाट जोगिएको थियो।

नारायणस्थान मन्दिरका पूजारी भनिएका व्यक्ति पुष्पराज लामिछाने गुठीको जग्गालाई रैकर बनाएर पूरै व्यक्तिगत कायम गराउन सबै तह र निकायलाई प्रयोग गर्न सफल भएका छन्। मिति २०४७ जेठ २० गते कास्की मालपोतको दर्ता नं. ७१९२ मा तत्कालिन पूजारी पत्नी गंगा उपाध्यानी (पराजुली) ले बक्स पत्र पारित गर्ने लिखतमा नारायण स्थान भगवानको पूजा चलाएर खानु भन्ने वाक्यांश स्पष्ट र किटानी साथ उल्लेख गरेको कारण कि.नं. ९७५ लगायतको जग्गा गुठी अन्तर्गत रहेको तथ्यलाई पुष्टि गर्छ । पोखराको जग्गाको मोल मूल्याङ्कन हवाती बढेपछि मन्दिरका गुठी जग्गाहरुमा पनि व्यक्तिका वक्र दृष्टि पर्न थालेका छन्। व्यक्तिका कुदृष्टिहरु लाई राज्यका नियमक निकायहरु समेतले साथ समर्थन दिएको कारण गुठीका जग्गा व्यक्तिगत स्वामित्वमा जाने अवस्था आएको भन्दै नारायण स्थान गुठीको विषयमा जानकार अग्रजहरुले चिन्ता व्यक्त गरेका छन्।

वि.सं.१९३७ साल पूर्व तत्कालिन फिरन्ता ब्रह्मचारी गणेश गिरीको पहलमा भिक्षाटन गरेर स्थापना गरेको र तत्कालिन सरकार श्री ३ वीर शमशेर ले वि.सं.१९४५ पुष १ गते सनद सवाल भएको र जुन वि.सं. १९५८ सालमा तत्कालिन श्री ३ चन्द्र शमशेरले समेत सनद सवाललाई पुस्ट्याई गराएका तथ्यहरु अहिले समम सुरक्षित राखिएको दावी गरिएको छ। यति वलियो आधार प्रमाण हुँदा-हुदै पनि नारायणस्थान गुठीको जग्गा फुत्काउन पुजारी लामिछाने सफल भएका छन् । प्रचलित हालको मूल्य अनुसार करिव १५ करोड रुपैयाँ मूल्य पर्ने उक्त जग्गा प्रकरणका सम्बन्धमा गुठी संस्थानका प्रतिनिधि, मालपोत कार्यालय कास्कीले समेत बुझ पचाएर गुठीको हक खोस्ने गरि स्वामित्व हस्तान्तरण गर्न हतारिनुलाई विडम्बना मानिएको छ।

नारायणस्थान धार्मिक क्षेत्र विकास समितिलाई आफ्नो मन्दिर गुठीको जग्गा विक्री हुँदैछ भन्ने सूचना पाएर बल्ल खोज्ने प्रक्रिया अन्तिमसम्म पुगेपछि कास्कीको बताए। गुठी जग्गाको स्वामित्व जोगाई दिन क्षेत्रीय प्रशासक शंकर कोइरालाा समक्ष निवेदन पुगेपछि उनको संकियतामा हाल तत्काल लाई व्यक्तिमा नामसारी हुन बाट रोकिएको थियो तर मंगलवार शेखपछिको वकसपत्र दाखिला खारेज पास भएको छ ।

उक्त जग्गा प्रकरणका सम्बन्धमा सुरुका अवस्थामा राज्यका निकायहरु गुठी जग्गा संरक्षणकै पक्षमा प्रस्तुत भएका कागज प्रमाणहरु साक्षी छन्। नारायण गुठी जग्गा सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कास्कीले मिति २०६१ पुस १६ गते कि.नं. ९७५ समेतका जग्गा सम्बन्धमा अनुसन्धान जारी रहेकाले रोक्का राखिदिन मालपोत कार्यालयलाई लेखिएको पत्र छ।

यस्तै गुठी संस्थान डिल्लीबजार काठमाडौँले मिति २०७७ वैशाख १० मा गुठीको जग्गा संरक्षण गर्न सम्बन्धमा मालपोत कार्यालय कास्कीलाई पत्र लेखी निर्देशन गरिएको छ। गुठी संस्थानको पक्षमा पनि २०४७ जेठ २० को लिखतलाई उद्धृत गर्दै ९७५ कितानो जग्गा नारायण स्थान गुठीको भएकोलाई पुष्टि गरिएको छ भने मालपोत कार्यालय कास्कीले २०७७ जेठ१ गते लेखेको प्रतिउत्तर पत्रमा समेत उक्त जग्गा गुठको नै रहेको पुष्टि भएको देखिन्छ। उक्त गुठी जग्गा प्रकरणले पछिल्लो समयमा नाटकीय मोड लिएको छ। उक्त जग्गा विवाद सम्बन्धमा अख्तियार दरुपयोग अनुसन्धान आयोगले २०७४ वैशाख ५ गते दिएको निर्णयका कारण गुठीको जग्गा व्यक्तिको पोल्टामा गएको छ। अख्तियारको निर्णयले गुठीको जग्गा रैकरमा परिणत गराउने काम भएको भन्दै जानकारहरुले चिन्ता व्यक्त गरेका छन्। अख्तियारले दिएको निर्णयले गुठी जग्गाको संरक्षण हुनु पर्ने हो तर नारायण स्थान गुठीको जग्गा व्यक्तिको पोल्टामा जाने अवस्था आउनु विडम्बना हो ।

यसरी सार्वजनिक मन्दिरको गुठी जग्गा अख्तियारको निर्णयकै आधारमा लोप हुन थालेपछि नारायणस्थान धार्मिक क्षेत्र विकास समितिले गुठीको जग्गा संरक्षणका लागि क्षेत्रीय प्रशासन कार्यालय पोखरामा गुहार मार्दै निवेदन गर्न पुगेका थिए। निवेदनको वावजुद पनि गुठी जग्गा संरक्षण गर्न नसकिकोमा धार्मिक क्षेत्र विकास समितिले चिन्ता व्यक्त गरेको छ। धार्मिक गुठीहरुलाई रैकर बनाउने निर्णय गर्दा अख्तियारले पुरा कागज प्रमाण अध्ययन नै नगरेको महसुस भएको कतिपयले टिप्पणी गरेका छन्। वि.सं. २०३१ सालको सभै नापीको फिल्ड बुकमा समेत नारायण गुठी उल्लेख हुँदा-हुँदै पनि अख्तियारबाट अनपेक्षित निर्णय आएपछि मन्दिर र गुठी संरक्षण पक्षधरहरुमा चिन्ताको विषय भएको छ ।

अहित्यारले दिएको त्यहि निर्णयलाई च्यापेर गुठी जग्गालाई निजी बनाउन मन्दिरका पूजारी भनिने पुष्पराज लामिछानेले लगायतको टोली सक्रिय भएर लागेका थिए ।

२०७३ वैशाख ५ गतेको अख्तियारको निर्णय पचां अनुसार गुठी संस्थान काठमाडौंले वैशाख २३ गते मालपोत कार्यालय कास्कीलाई पत्राचार गरि रैकर प्रमाणित गराई व्यक्तिगत हक कायम गर्न लेखेको छ। वैशाख २६ गते नै मालपोत कार्यालय कास्कीले गुठी संस्थानको पत्र दर्ता गराई प्रक्रिया अघि बढाएकोमा सोही अनुसार फास्टट्रयाकबाट गुठीको जग्गा रैकर बनाउने खेल भएको थियो कि सामान्यतया सरकारी अड्डामा त्यो असम्भव छ तर करोडौं रुपैयाको जग्गाको चलखेल हेर्दा यो हतारो-चटारो पनि रहस्यमयी बनेको छ। राज्यको संवैधानिक निकायले राज्यहित र सार्वजनिक हितमा निर्णय गर्नुपर्ने हो तर कसरी व्यक्तिगत लाभका पक्षमा निर्णय भयो भन्ने छुट्टै खोजीको विषय बनेको छ। यदि नजिरलाई आधार मान्ने हो भने नेपालका अधिकांश गुठी जग्गाहरु रैकरमा जाने मार्ग प्रशस्त भएको भन्दै मठ मन्दिर गुठी लगायतका जग्गा संरक्षणकर्ताहरु चिन्ता व्यक्त गरेका छन् ।

यसैबीच नारायणस्थान धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष महेश पराजुलीले गुठीको जग्गा जोगाउन धेरै प्रयास गरेको बताए। धार्मिक स्थलको जग्गा व्यक्तिको नाममा हुन नदिनका लागि सबै सरकारी निकायमा पहल गरेको र त्यसैका कारण जग्गा दर्ता हुन नसकेको भएपनि मंगलवार जग्गा दर्ता भएको विषय आफूहरुलाई जानकारी नभएको बताए। उनले यदि जग्गा व्यक्तिको नाममा गुठीको जग्गा दर्ता भएको भए त्यस विरुद्ध अदालतमा जाने स्पष्ट पारे।

'सरकार परिवर्तन हुँदैन'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले संविधानको कार्यान्वयनका लागि दलहरूबीच समझदारी आवश्यक हुने बताएका छन्। प्रेस चौतारी नेपाल कास्कीले मंगलवार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले नेकपा एमाले सहँ दलहरू बीचको समझदारीका पक्षमा रहेको बताए । संविधान बन्नु अघिदेखि नेपालको राजनीतिक यात्रामा विभिन्न समयमा विभिन्न पासा थापे गरिएको उल्लेख गर्दै उनले ती सबै पासालाई चिर्दै नेपालको राजनीति अघि बढिरहेको बताए। संविधान कार्यान्वयनलगायतका विषयका लागि राष्ट्रिय सहमतिको सरकार बन्नुपर्छ भन्ने कुरामा नेकपा एमाले रहेको चर्चा गर्दै उनले जसमार्फत राष्ट्रिय सहमति हुन सक्छ त्यसैले सरकारको नेतृत्व गर्नसक्ने बताए । उनले भने-'समदमा बजेट पेश भएपछि सरकार परिवर्तन हुने र एमाओवादी अध्यक्ष पचण्डलाई एमालेले प्रधानमन्त्री बनाउने हल्ला निराधार मात्र हो । एमाले नेतृत्वको वर्तमान सरकार देशका विभिन्न समस्या उत्कर्षमा रहेका अवस्थामा निर्माण भएको उल्लेख गर्दै नेता पोखरेलले विद्यमान समस्यालाई एक एक गरी समाधान गर्दै सरकार अघि बढेको स्पष्ट पारे । उनले भने-'सरकार परिवर्तन गर्न एमाओवादी सँग नौ पूँदै सहमति भएको छैन, सरकार परिवर्तन विषय भोलाबाट सासान फिकेर दिए जस्तो होइन, बजेट न्यूनपछि सरकार फेरिने कुरा हामीले गरेकै छैनौं ।' सवैधानिक प्रकियाबाट सरकार परिवर्तन हुने बताएका पोखरेलले बजेटपछि पनि यही सरकार कायम रहने बताए । उनले भने-'यो संसदको म्याद २०७४ माघ सम्म हो, यो अवधिमा संसद, प्रदेश र स्थानीय निकायको निर्वाचन गरिसक्नुपर्दछ, यसका लागि दलहरुरु सहकार्य आवश्यक छ ।'

उनले नेपाली कांग्रेसलाई सँगै लिएर हिंड्न एमाले तयार रहेको भन्दै सहमति अनुसार कांग्रेस पनि सरकारमा आउनुपर्नेमा जोड दिए । सरकारको नेतृत्व कोहीले दिन र कोहीले लिन ठिक्क पर्दैमा नहुने बताउँदै महासचिव पोखरेलले संसदभित्रको प्रक्रियाबाट जसमा सहमति हुन सक्छ उसैले नेतृत्व लिने स्पष्ट पारे ।

सरकार बदल्न खोज्या नेपाली कांग्रेस भुर्दुमा पछाडिएको भन्दै उनले फेरि सरकार बनाउने विकल्प खोज्नु भनेको मुखतामात्र हुने बताए । उनले भने,-'भुर्इमा पछाडिर्इ लागेको धुलो टक्टक्माए कांग्रेसले एमालेसँग सहकार्य गरेर अगाडि बढ्नुको विकल्प छैन ।' शैक्षिक योग्यताका आधारमा ऋण सहयोग दिने सरकारको नीति तथा कार्यक्रममा समेटिएको र त्यसको कार्यान्वयन लगायतका विषयमा छलफल भइरहेको उनको भनाइ छ । प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष भाधव वरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा उपाध्यक्ष रामजी लम्सालले स्वागत गरेका थिए ।

गृहलक्ष्मी ग्यासले सहमति लत्याएको आरोप

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

गृहलक्ष्मी ग्यास कम्पनीले पुरानै डिलरहरुलाई ग्यास आपूर्ति गर्ने प्रशासनसँग भएको सहमति लत्याएको छ। कम्पनीले पुराना डिलरहरुलाई नै ग्यास दिने भन्ने सहमति भए पनि भूमिगत रुपले खडा गरिएका डिलरहरुलाई नै ग्यास वितरण गरेको एलपी ग्यास विक्रेता संघ कास्कीका सल्लाहकार तथा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सजिवबहादुर कोइरालाले आरोप लगाए ।

जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण रेग्मीको रोहवरमा भएको सर्वपक्षीय बैठकले पोखरामा रहेका दुवै ग्यास उद्योगको वितरण प्रणाली अनुसमन गरिने तथा नेपाल आयल निगम गगनगौंडा शाखाका प्रमुख मनोज ठाकुरको संयोजकत्व मा अध्ययन टोली गठन गरी १० दिनभित्र प्रतिवेदन बुझाउने सहमति भएको थियो ।

सो सहमतिपछि पोखरामा रहेका ग्यास डिलरहरुले गृहलक्ष्मीसहित सबै ग्यास बिक्री वितरण गर्ने सहमति जनाएका थिए । जिल्ला प्रशासन कार्यालयमा भएको सो बैठकमा गृहलक्ष्मी ग्यास कम्पनीका प्रतिनिधि समेत सहभागी थिए । गृहलक्ष्मीले अभावकी वेला भूमिगत डिलर मार्फत नयाँ ग्यास सिलिण्डर बिक्री गरेको र विभिन्न व्यवसायी साट सिलिण्डर बापतको डिपोजिट पनि उठाएको आरोप व्यवसायीहरु को रहेको छ। यता, ग्यास वितरण प्रणाली र ग्यास कम्पनीहरुको अनुगमन गर्ने भनिए पनि मंगलवार सो कार्य समेत भएन ।

विश्व दूरसञ्चार तथा सूचना दिवस

'सूचना पाउने प्रक्रिया झण्झटिलो'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

विश्व दूरसञ्चार तथा सूचना दिवस पोखरामा पनि मनाईएको छ। सूचना समाज पोखरासे पहिलो पटक यो दिवस मनाएको हो। दिवसको अवसरमा आयोजित 'सूचनाको हक सबैको सरोकार' विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुले सूचना प्राप्त गर्ने प्रावधान झन्झटिली भएका कारण सूचना मागनेहरुको संख्यामा वृद्धि नभएको बताए। सूचना माग गर्नुपर्छ भन्ने कुरा पनि थाहा नभएको र थाहा पाएकाहरुले पनि झन्झटिलो व्यवस्थाका कारण माग नगर्ने वरु अनौपचारिकरुपमा सूचना लिन कुनै झन्झट नरहेको स्पष्ट पारे । हामी कानूनले तोकेको समय अवधि भन्दा अगावै नै सूचना दिने गरेको उनले जानकारी दिए । जिल्ला प्रशरी कार्यालय कास्कीका प्ररी नायव उपरीक्षक गज्जसिंह बर्जाचायले आफूहरुले दैनिकरुपमा सूचना सार्वजनिक गरिरहेको बताए । अहिले दैनिक रुपमा सूचना दिने काम आफूहरुले गरिरहेको र हरेक विषयमा मिडियामा सार्वजनिक गर्ने कुरामा कुनै ढिला नगर्ने उनको भनाई थियो । राष्ट्रिय मानव अधिकार आयोग पश्चिमाञ्चल प्रमुख सम्झना शर्माले आयोगले जानुलाई सकारात्मक रुपमा लिनुपर्ने उनले जोड दिए ।

कास्कीका स्थानीय विकास अधिकारी दामोदर भण्डारीले कानूनमा नै सूचना छैन र दिन्न भन्न नपाउने प्रावधान भएकोले कुनै पनि नागरिकले चाहे अनुसार सूचना पाउने बताए । सरकारी र कुनै पनि सार्वजनिक सरोकारको विषयमा जनताले थाहा पाउनुपर्ने अधिकार नै भएकोमा नागरिक आन्तरिले चासो राख्न सक्नुपर्ने भण्डारीको भनाई थियो ।

पोखरा उप-महानगरपालिका कार्यवाहक निमित्त कार्यकारी अधिकृत ओमराज पौडेल नगरपालिकामा सूचना लिन कुनै झन्झट नरहेको स्पष्ट पारे । हामी कानूनले तोकेको समय अवधि भन्दा अगावै नै सूचना दिने गरेको उनले जानकारी दिए । जिल्ला प्ररी कार्यालय कास्कीका प्ररी नायव उपरीक्षक गज्जसिंह बर्जाचायलेे आफूहरुले दैनिकरुपमा सूचना सार्वजनिक गरिरहेको बताए । अहिले दैनिक रुपमा सूचना दिने काम आफूहरुले गरिरहेको र हरेक विषयमा मिडियामा सार्वजनिक गर्ने कुरामा कुनै ढिला नगर्ने उनको भनाई थियो । राष्ट्रिय मानव अधिकार आयोग पश्चिमाञ्चलका सूचना अधिकारीहरुको उपस्थिति रहेको थियो ।

पनि सूचनालाई प्रभावकारी बनाउन विभिन्न समयमा वकालत गर्दै आएको बताईन । आफूहरुको काम नै जनतालाई जानकारी दिने नै भएकाले सूचना प्रवाहमा कुनै कमि हुन नदिने उनको भनाई थियो ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण झवालीले सूचना लिनका लागि दिइने निवेदन भन्दा पहिला अनौपचारिक रुपमा जानकारी पाउन सक्ने भएकाले निवेदन लेखेर सूचना लिने अभ्यास नगरिएको बताए । अहिलेको शवधान आकैमा झन्झटिलो र सूचना नदिने नियत तर्फ उद्वत रहेको झवालीले बताए।

अधिवक्ता सुरेन्द्र थापामगरले सूचना शक्ति भएकाले शक्ति पाउनका लागि आफै लाग्न पर्ने बताए । कार्यपत्र प्रस्तुत गर्दै थापामगरले सूचना पवकारका लागि मात्र चाहिन्छ भन्ने कुरा गलत भएको बताए । सूचना अब जन्मिएपछि चाहिन्छ भन्ने कुराको नाईट क्लब एण्ड बार त प्रशासनको अनुमति बिना नै सञ्चालनमा आएको रहेछ।

समाजका अध्यक्ष दीपक आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा कास्की जिल्लामा रहेका विभिन्न सरकारी कार्यालयका सूचना अधिकारीहरुको उपस्थिति रहेको थियो ।

पोखराको अवैध डान्सबारमा अश्लिल हर्कत देखेपछि...

पोखरा ४ जेठ ।

बड्रा प्ररी कार्यालय वैशाखका प्रमुख प्ररी निरीक्षक मोहनमणि अधिकारी सहितको छ जना टोली सोमवार छड्के अनुगमनमा निस्क्यो । आफ्नो कार्यक्षेत्रमा सञ्चालित डिस्को तथा डान्सबारको निरीक्षण गर्ने क्रममा राति १० बजे महेन्द्रपुल स्थित सौनिक नाइट क्लब एण्ड बार पुग्यो । अर्धनग्न पोशाकमा युवती डान्स गर्दै थिईन् । तीन पुरुषहर टेबलमा बसेर मदिरा र सुन्दरीका साथ झुम्दै थिए । बीचमा रहेका ५२ वर्षीय पाको पुरुष डान्सबारकै १८ वर्षीया युवतीलाई काखमा बसालेर अश्लिल हर्कत गर्दै थिए । बार संचालक तनहुँ डोरफेदीका आशिष क्षेत्री काउण्टरमै थिए । प्ररीले अश्लिल हर्कत देख्नासाथ ती ५२ वर्षीय पुरुषलाई पकिए । अन्य दुई जना भने सामान्य अवस्थामा नै पिईरहेका थिए । प्ररीसँ सञ्चालक क्षेत्रीसँग सोधपुछ गर्दा थाहा भयो सौनिक नाईट क्लब एण्ड बार त प्रशासनको अनुमति बिना नै सञ्चालनमा आएको रहेछ।

त्यसपछि प्ररीले सञ्चालक क्षेत्री, तीन जना ग्राहक र ९० डान्सरलाई नियन्त्रणमा लियो । सञ्चालक र अश्लिल क्रियाकलापमा संलग्नलाई कोंहि सार्वजनिक अपराध अन्तर्गत मुद्धा प्रक्रिया अघि बढाईएको प्ररीले जनाएको छ । अन्य दुई ग्राहक र नौ जना डान्सरहरुलाई भने डान्सबार व्यवसायी संघका रोहबरमा परामर्श प्रदान गरि छाडिएको छ ।

यस विषयमा प्रमुख अधिकारी सँग सोझा नियम विपरित संचालन भएको र अश्लिल क्रियाकलापमा संलग्न भएकाले मातै नियन्त्रणमा लिईएको बताए । जिल्ला प्रशासन कार्यालयबाट अनुमति नै नलिई सञ्चालन भएको पाईएकाले संचालकलाई सोहि अनुसार कारवाही प्रकिया अघि बढाईएको उनले जनाए । 'हामी आचारसंहिता र नियमानुसार संचालन भए नभएको तथा डिस्को तथा डान्सबारबाट बाहिर असर परे नपरेको बारे नियमित तथा छड्के अनुगमनमा हिंड्छौं ।' उनले भने-'अन्य डान्सरहरुलाई छाडिसकिएको छ । तीन जना मात्र अहिले नियन्त्रणमा छन् ।' उनले सबै डिस्को तथा डान्स बार संचाकलाई मर्यादामा रहेर विधिसम्मत व्यवसाय गर्न पनि आग्रह गरे ।

नृत्य कला भएकाले यसको सम्मान गर्ने तर अश्लिलतालाई अंगालेमा यौन अपराध हुने भएकाले यसतर्फ आफु सजग रहेको भन्दै

बाँकी ३ पृष्ठमा.....

अधिवेशनको तयारीमा तरुणदल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

नेपाल तरुण दल कास्कीको चौथो जिल्ला अधिवेशन तथा क्षेत्र नं. २, ३ र ४ को क्षेत्रीय अधिवेशन यहि जेठ १२ गते निर्णय भएको छ । अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने भएकाले महत्वका साथ हेरिएको छ ।

नेपाल तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङको अध्यक्षता र केन्द्रीय सदस्य ऋषि काफलेको विशेष उपस्थितिमा बसेको जिल्ला कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो । लामो समयदेखि सम्पन्न हुन नसकेको नेपाली कांग्रेसको मातृ संस्था नेपाल तरुण दलको अधिवेशन प्रतिनिधि यसअघि नै गाउँ, बड्रा, नगर अधिवेशनबाट निर्वाचित भैसकेका छन् । जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि जमुना श्रेष्ठको संयोजकत्वमा अंतिम सत्कार उप-समिति, पदम बस्नाकोटीको संयोजकत्वमा प्रचार-प्रसार उपसमिति, शंकर डुङ्गानाको संयोजकत्वमा अर्थ संकलन उप-समिति, सुरजजंग राणाको संयोजकत्वमा स्वयंसेवक परिचालन उपसमिति, आशा बहादुर गुरुङको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको तरुण दल कास्कीका सांचिव पदम बस्नाकोटीले जानकारी दिए ।

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको चाटोमा हिंड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

नयाँ अठोट र संकल्प आवश्यक

नेपालमा योजनाबद्ध विकासको शुरुवात २०१३ सालमा प्रथम पञ्चवर्षीय योजनामार्फत् भएको थियो। योजनाबद्ध विकास प्रारम्भ भएको झण्डै छ दशक पुरा हुन थाले पनि हामीले विकासको उन्नत मोडेल अझैसम्म निर्माण गर्न सकेका रहेनछौं। एउटा उदाहरण, चालु आर्थिक वर्षको १० महिना वितिसक्दा पनि विकास बजेट २८ प्रतिशत मात्र खर्च भएको तथ्यांक हालै सार्वजनिक भएको छ। विकास बजेट खर्च हुन नसक्दा सरकारी ढुकुटीमा ठूलो धनराशी थुप्रिएर बसेको छ। सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने तयारी गरिरहँदा गत आर्थिक वर्षको दुई तिहाई भन्दा बढी बजेट खर्च हुन नसकेको अवस्थामा बजेटको प्रभावकारिता कति होला साह्रै अनुमान गर्न सकिन्छ। अन्तिम समयमा आएर बजेट सिध्याउने 'असारे विकास' को महारोगका कारण मुलुकको आर्थिक विकास र समृद्धिको चाहना दशकौं पछाडि धकेलिएको यहाँका नीति निर्माता, राजनीतिक दलहरु, कर्मचारीतन्त्र र विकासका ठेकेदारहरुले नबुझेका होइनन्। तर बुझेर पनि नबुझेको बहाना गर्दै आएकाले मुलुक सधैभर विकासमा पछाडि परेको पच्छे छ। अन्तिम समयमा आएर जेठ-असारमा गरिने विकास निर्माणको काममा व्यापकरुपमा भ्रष्टाचार हुँदै आएको छ। वर्षातको सिजन र अन्तिम समयमा गरिने विकास निर्माण भ्रष्टाचारीहरुका लागि कमाउने उपयुक्त अवसर बन्दै आएको छ। धेरै काम हतार-हतारमा गरेर बजेट कुम्ल्याउनेहरुलाई अहिलेसम्म कुनै कारवाही भएको छैन। यहाँ त अन्तिम समयमा बजेट सक्ने काम भइरहेको हुन्छ। विगत छ दशकयता विश्वका विभिन्न मुलुकहरुले अकल्पनीयरुपमा आर्थिक विकास एवं समृद्धि हासिल गरेका छन्। त्यहांको राजनीतिक नेतृत्व र ब्यूरोक्रेसीले इमानदारिता देखाएकै कारण यो सम्भव भएको हो। नेपालमा राजनीतिक नेतृत्व, ब्यूरोक्रेसी र अन्य क्षेत्रमा समेत इमानदारिता नहुँदा विकासमा व्यापक भ्रष्टाचार हुदै आएको छ। जसका कारण मुलुकलाई जर्जर बनाएर आफू नवधनाढ्य बन्ने सुदखोरहरुको संख्या बढेको बढ्दै छ। असारे विकासको मोडेल सिर्जना गर्नेहरु पनि विनीहरु नै हुन्। छिमेकी चीन र भारत नेपालसंग संगसंगै स्वतन्त्रता हासिल गरेका मुलुक हुन्। चीन विश्वको पहिलो आर्थिक शक्ति बन्ने दौडमा छ भने भारत विकास र समृद्धिको दिशातर्फ अगाडि बढिरहेको छ। प्राकृतिक साधन स्रोतका दृष्टिले नेपाल गरिब राष्ट्र होइन। हाम्रो यहा त नेतृत्व गर्नेहरुको दिल-दिमाग नै गरिब भयो। त्यसैको परिणाम मुलुकले यो हविगत बेहोरिरहेको छ। ६० वर्ष वितिसक्दा पनि हामीले विकासको नयाँ मोडेल निर्माण गर्न सकेनौं। भ्रष्टाचार, कमिशनतन्त्र, ढिलासुस्तीले हाम्रा विकास निर्माणका प्रयासहरु अधैरीन बन्न पुगेका छन्। यस्तो संरचना अन्त्य नगरेर कोही पनि अगाडि बढ्न सक्दैन। अहिले मुलुकले भाषण हैन, काम गरेर देखाउन सक्ने नेतृत्व खोजिरहेको छ। भाषणले मात्र मुलुक बन्ने भए राजा-पञ्चहरुले नै बनाइसकेका हुने थिए। गणतान्त्रिक नयाँ नेपालको नेतृत्ववर्ग किन कमजोर बन्दै गइरहेको छ? मुलुक बनाउने इच्छाशक्ति र जाँगर किन हराउँदै गइरहेको छ? नयाँ नेपाल निर्माण गर्न पुरानो चिन्तन, शैली र काम गर्ने तरीका किन फेर्ने सकिएको छैन? अब यसको खोजी गर्ने बेला आएको छ। मुलुकलाई आर्थिक विकास र समृद्धिको दिशामा डोऱ्याउन सकिएन भने राजनीतिक परिवर्तनले मात्रै जनताको चित्त बुझ्ने छैन। विगतको अनुभवले त्यही भन्छ, अविष्यमा पनि त्यही हुनेछ। त्यसैले मुलुकलाई नयाँङ्गले अगाडि बढाउन सबैले नयाँ अठोट र संकल्प गर्न सक्नुपर्छ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल जेष्ठ ५ गते बुधबार, तदनुसार मह १८ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार वैशाखशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज वैशाखशुक्लपक्षको द्वादशी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृष राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३३ घटि ४० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २१ मिनेटमा तुहुवेव मूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ४५ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबडी आउन सक्नेछ सर्तक हुनुहोला।

वृष : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेल्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला।

मिथुन : यशकृर्ति बढ्ने, शत्रुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद बित्नेछ।

कर्कट : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला।

सिंह : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटका कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला।

कन्या : आर्जेजति काम गर्न असफल, अफन्तवाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ।

तुला : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नबिन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ।

वृश्चिक : ठाडावाट धन प्राप्त हुन सक्नेछ, थियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ।

धनु : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला।

मकर : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ।

मीन : चोटपटकको भय, ठाडाको यात्रा असफल हुनेछ,जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४७३६९

'सरकारले व्यवस्थापन गरिदिए लगानी निजी क्षेत्रले गर्छ'

राष्ट्र बैंकले त्याएको नीति अनुसार बैंकिङ क्षेत्रमा मर्जर हुने संख्या बढ्दै गएको छ। सोही अनुसार गत चैत्र २२ गतेबाट पोखराको सिटी डेभलपमेन्ट बैंक लिमिटेड र ओम फाइनान्स लिमिटेड आपसमा गाभिएर राष्ट्रियस्तरको विकास बैंक अर्थात ओम डेभलपमेन्ट बैंकको रुपमा एकीकृत कारोबार सुरु गरेको छ। बैंकको चुक्ता पुँजी १ अर्ब ५ करोड, सिक्षेप १० अर्ब ६० करोड, कर्जा ६ अर्ब ८ करोड रहेको छ। मर्ज भएपछि ओम डभेलपमेन्ट बैंकको केन्द्रीय कार्यालय पोखराको झिल्केडुंगामा नै रहेको छ। बैंकले हाल चार वटा अञ्चलमा आफ्नो शाखा मार्फत काम गर्दै आएको छ। ओम डेभलपमेन्ट बैंकले भक्तपुरीपाटि आवास कर्जा, युवालैंम ओम र ओम सहुलियत कर्जा लगायतका कार्यक्रम मार्फत ग्राहकहरुको मन जित्न सफल भएको छ। बैंकले आफ्नो कारोबारलाई शसक्त रुपमा अगाडि बढाएको छ। बैंकले कृषि एवं पुर्वनिर्माणमा अब ओमको साथ, बनाउँदै हामी युवालाई उद्यमी, कृषि एवं पुर्वनिर्माणमा दिन्दै साथ कार्यक्रम संचालन गर्दै आएको छ। एकीकृत कारोबार सुरु भएपछिको अवस्था, राष्ट्रको विकासमा ओम डेभलपमेन्ट बैंकले खेल्ने भूमिका र आगामी दिनको योजना लगायतको विषयमा केन्द्रित रहेर बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीसँग गरिएको कुराकानी:

विश्वमोहन अधिकारी
प्रमुख कार्यकारी अधिकृत
ओम डेभलपमेन्ट बैंक लिमिटेड

बैंकिङ क्षेत्रको अवस्था कस्तो छ ?

सरकारले २०४० को दशकबाट नीजिकरण र विश्वव्यापीकरण नीति अलम्बन गऱ्यो। त्यो सँगै नेपालमा बैंक तथा वित्तिय संस्थाहरु बढ्ने क्रम सुरु भयो। २०४० को दशकबाट नेपालमा बैंक तथा वित्तिय क्षेत्रहरुको ठूलो मात्रामा आउन थाले। ०६४ सालमा नेपालमा बैंक तथा वित्तिय क्षेत्रहरु संख्या ठूलो मात्रामा वृद्धि भयो। पछिल्लो पटक नेपाल राष्ट्र बैंकले लिएको नीतिका कारण बैंकहरुकोचे प्रतिस्पर्धा छ। राष्ट्रबैंकले गत साउनमा मौद्रिक नीति ल्यायो। त्यो नीति आएपछि बैंक तथा वित्तिय क्षेत्रहरुको संख्या घटाउने, केही सबल सक्षम ठूला बैंकहरुलाई प्रथय दिने र अकौंतिर मर्जरको नीति अवलम्बन गर्दै बैंक तथा वित्तिय संस्थाहरु घटिरहेका छन्। गत वर्ष आएको विनाशकारी भूकम्पका बावजुद पनि बैंक तथा वित्तिय क्षेत्रहरुले राम्रो काम गरिरहेका छन्। बैंक तथा वित्तिय क्षेत्रको प्रतिस्पर्धा बढेको छ। विजनेस चाँही नबढेको अवस्था हो।

ओम डेभलपमेन्ट बैंकको अवस्था कस्तो छ ?

नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति अनुसार पोखरामा रहेका दुई संस्थाहरु सिटी डेभलपमेन्ट बैंक लिमिटेड र ओम फाइनान्स लिमिटेड पनि राष्ट्र बैंकको निर्देशन बमोजिम मर्जमा जानुपर्छ भन्ने भावना अनुरुप २०७४ चैत्र २२ गतेदेखि एकीकृत रुपमा कारोबार पनै आएका छौं। राष्ट्रबैंकले त्याएको नीतिपछि बैंक तथा वित्तिय संस्थाहरुले फिल गरेका छन्। मर्ज गर्ने क्रममा ओम डेभलपमेन्ट बैंकको रुपमा राष्ट्रियस्तरको विकास बैंकको रुपमा हामीले कारोबार गर्दै आएका छौं। ओम बैंकको हाल चुक्ता पुँजी १ अर्ब ५ करोड रुपैयाँ रहेको छ। चैत्र मसान्तसम्मको वित्तीय विवरण अनुसार करिब ११ अर्ब निक्षेप छ। करिब ९ अर्ब कर्जा तथा लगानी गरेको छ। हालसम्म विभिन्न 'ख' र 'ग' वर्गको बैंकहरुमा हामीले निक्षेपमा अगाणी भूमिका निर्वाह गरेका छौं। सबै भन्दा बढी निक्षेप संकलन गर्ने बैंकमा हामी पनि पर्छौं। बैंक तथा वित्तिय क्षेत्रको स्टाइन्डर मापन गर्ने कुरा छ। वित्तिय विवरणको आधारमा पनि नेपालका रहेका समग्र विकास बैंकहरुमध्ये हामी पनि विकास बैंकभित्र नै पर्छौं।

छोटो समयमै ग्राहकहरुको मन जित्न सक्नुको कारण के हो ?

हामी मर्ज भएर आउनेकममा ओम फाइनान्स लिमिटेड विगत १४ वर्षदेखि नेपालको बैंकिङ इन्डस्ट्रिमा छ। काठमाडौं लगायत देशका विभिन्न क्षेत्रहरुमा वित्तिय सेवा प्यारारेको अवस्था। सिटी डेभलपमेन्ट बैंकले पनि १० जिल्लाको विकास बैंक। दुवै सबल संस्था एकै ठाउँमा मर्ज हुंदा हाम्रो वित्तिय अवस्था राम्रो भएको हो।

बैंकको शाखा कति वटा छन ?

ओम डेभलपमेन्ट बैंक राष्ट्रियस्तरको बैंक हो। तर पनि देशको चार वटा अञ्चल, धौलागिरी बागमती, गण्डकी र नारायणीमा २५ वटा शाखाहरु छन्। यी शाखाहरुबाट एक लाख ग्राहकहरुको लागि हामीले बैंकिङ सेवा पुऱ्याइरहेका छौं। तीन वटा एटीएममार्फत सेवा दिएका छौं।

ओमलाई रोज्नु पर्ने विशेषता के छन ?

हामीले ग्रामिण क्षेत्रलाई केन्द्रमा राखेर बैंकिङ सेवा संचालन गरेका छौं। मनाडको चाभेसस्तो ठाउँमा हामीले बैंकिङ सेवा उपलब्ध गराएका छौं। बैंकहरुको अपस्थिति जुन ठाउँमा छैन त्यहां हामीले शाखा स्थापना गरेर सहज ढंगले सेवा दिएका छौं। यसकारण छोटो समयमा ओम डेभलपमेन्ट बैंकले व्यवसाय विस्तार गर्न सजिलो भएको छ।

ग्रामीण क्षेत्रमा अन्य बैंक नभएकाले हामीले दिएको सुविधाको कारण हाम्रो बैंकप्रति आकर्षित भएका छन्। शहरी इलाकहरुमा सेवा विस्तार गरेका छौं। छोटो समयमा पनि आधुनिक सुविधा सम्पन्न छिटो छरितो सेवा बजारमा मात्र होइन ग्रामीण क्षेत्रमा पनि पुऱ्याएका छौं। उँदेजसो गाविसमा पनि हामी पुगेका छौं। समग्रमा जिल्लाको भोटेओढार, तनहुं जिल्लाको तुरतुरेमा, कास्कीको हेम्जा गाविसमा सेवा दिएौं।

भक्तपुरीपाटि आवासका लागि कर्जा दिन सुरु गर्नुभएको हो ?

बैंकहरु वित्तिय संस्थाहरु हुन्। त्यति हुँदा-हुँदा पनि आफ्नो व्यवसायिक कारोबार गर्ने भनेको नागरिकहरुसँग नै हो। बैंकिङ सेवा संचालन गर्ने क्रममा आफूले कमाएको निश्चित नाफा त्यो क्षेत्रमा खर्च गर्नुपर्छ भन्ने भावना अनुरुप बैंक र बैंकका कर्मचारी रसञ्चालकहरुले भक्तावार त्यो समयमा भूकम्पपीडितलाई कम्प्युटर, जस्तापातासहित रकम सगेत प्रदान गर्यौं। हामीले राष्ट्र बैंकले अगाडि सारेको नीति अनुसार भूकम्पपीडितलाई कर्जा दिनुपर्छ भनेर २ प्रतिशत ब्याजदरलाई पनि अगाडि सार्यौं तर दुःखको कुरा सरकारले तोकेको मापण्डअनुसार भूकम्पपीडितहरुले काजगपत्र पुऱ्याउन निकै कठिन देखिएको छ। ग्रामिण क्षेत्रमा त्यो कागज पुऱ्याउने निकै कठिन देखियो। जसको कारण हामीले चाहेर पनि कर्जा दिन सकेका छैनौं। चैत्र २२ गते हामीले मर्ज गर्ने क्रममा भूकम्पपीडितलाई झण्डै तेहेर प्रशन गरेर बैंकको संयुक्त कार्यक्रमको उद्घाटनल गरेका थियौं।

कुँपि कर्जा राष्ट्र बैंकले तोकेअनुसार ६ प्रतिशत ब्याजदर दिएका छौं। बैंक तथा वित्तिय क्षेत्रहरुले मर्ज गरेपछि सामान्यतया तारे होटलमा कार्यक्रम गर्ने गरिन्छ। तर हामीले कुनैपनि कार्यक्रमको आयोजना गरेनौं। वरु दुई लाख रुपैयाँ पनि भूकम्पपीडित र पोखरा उप-महानगरपालिकाले सञ्चालन गरेको बातावरण संरक्षण सम्बन्धी कार्यक्रमाई सहयोग गऱ्यौं। प्लाष्टिक झोला अभियान हटाऔं अभियानमा सहयोग गऱ्यौं। पार्टी भोज गरेर त्यो रकम सिध्याउनु भन्दा नागरिकको जीवनस्तरसँग सरोकार राख्ने रचनात्मक काममा लगाउन आवश्यक ठान्यौं। हामीले वस बर्पेक्षि यस्तै काम गरेर सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएका छौं।

त्यसो हो भने भूकम्पपीडितलाई कर्जा दिन सकिने अवस्था छैन ?

भूकम्पपीडितहरुले बैंकबाट कर्जा लिनको लागि त्यति सहज अवस्था देखिदैन। सरकारले तोकेअनुसारको कागजपत्र पेश गरेर सबै भूकम्पपीडितहरुले घर बनाउन सक्ने अवस्था छैन। भूकम्प पीडितहरुको गाउँमा गएका छौं। गोरखाको बारपाकमा पुगेर पनि पीडितहरुको अवस्था बुझ्यौं। अहिलेसम्म बैंकिङ क्षेत्रले १ करोड ५० लाख भन्दा बढी कर्जा दिन सकेको छैन। नेपाल राष्ट्र बैंकले दिना व्याजमा पैसा दिन्छु तपाईहरुले पैसा लिएर लगानी गर्नु भनेको छ। तर भूकम्पपीडितहरुले जुन काजगजात पेश गर्नुपर्ने भनिएको छ त्यो निकै झन्झटिलो छ। हामीले चाहेर पनि कर्जा दिन सक्ने अवस्था छैन।

ओमले कृषि क्षेत्रमा कहाँ-कहाँ लगानी गरेका छ ?

नेपालमा जति पनि बैंकहरुले कृषिमा लगानी गरेका छन् त्यो भन्दा धेरै लगानी हामीले गरेका छौं। अन्य बैंक तथा वित्तिय संस्थाले गरेको लगानी भन्दा ओम बैंकले कृषि क्षेत्रमा बढी लगानी गरेको छ। काठमाडौं भन्दा पोखरा क्षेत्रमा बढी लगानी गरेका छौं। टाउटु माछा, पशुपालन, कुखुरापालन, तरकारी उत्पादनमा लगानी गरेका छौं। कृषकलाई ऋण दिन काम पनि बैंकले गर्दै आएको छ। कृषि क्षेत्रबाट भन्दा गैर कृषि क्षेत्रबाट लोनको माग बढी आउने गरेको छ। बैंक तथा वित्तिय क्षेत्र भनेको व्यावसायिक संस्था हुन। उनीहरुले यसमा लगानी गर्नुपर्छ। बैंकहरुले बाँझ भएर गैर कृषि क्षेत्रमा लगानी गरेको भन्दा राम्रो। नेपाल राष्ट्रबैंकले निश्चित क्षेत्रमा रहेर लगानी गर्न निर्देशन दिएको छ। तर पनि त्यहां पनि बढी रकम हामीले कृषिमा लगानी गरेका छौं। जहांबाट हामी सल्टुप छौं।

देशका ४० लाख युवाहर विदेशमा छन्। यहाँहरुले युवालाई उद्यमशिल बनाउने पनि भन्नुभएको छ के योजना छ ?

योग्यता छ, तर पैसा छैन। युवाहरुलाई बिना धितो सोह दिन हामीले नै सुरु गरेका हौं। हामीले बान्सुडबाट बिना धितो ऋण दिन सुरु गरेका हौं। सडियालाई सबै वर्षधित संस्थाले ऋण दिन्छन्। तर पुरस्लाई बिना धितो लोन दिने चलन छैन। पछिलो पटक हामीले नै यो कामको सुरुवात गरेका हौं। मुख्यत्या, पुरुषहर नै बढी विदेश जाने गरेका छन्। त्यसलाई रोक्नको लागि पनि हामीले यो योजना अघि सारेका छौं। जसरी प्रत्येक दिन १ हजार पांच सय मानिसहरु विदेश जान्छन। १० लाख मानिसहरु विदेशमा सस्तो श्रम बेचिरहेका छन्। प्रत्येक वर्ष पांच लाख मानिसहरु श्रम बजारमा आउँछन्। ४० हजारले मात्र अवसर पाउँछन। साढे चार लाख मानिसहरु विचलित हुनुपर्ने अवस्था छ। त्यसलाई सम्बोधन गर्नका लागि युवासँग ओम नीति ल्याये। अहिलेसम्म सात सय मानिसहरुले बिना धितो ऋण लिएर विदेश नगई देशभित्र नै विभिन्न किसिमका उत्पादनमूलक काम गरिरहेका छन्। गण्डकी र धौलागिरीमा लोन दिएका छौं। चार सय ग्रुप छन्। ती ग्रुपमा सात सय मानिसहरु छन्। चार लाख भन्दा बढी लोन लिनका लागि धितो पेश गर्नुपर्छ। चार लाख भन्दा तलको लागि धितो चाहिदैन,समूहमा ऋण लिन्छन। गाई पालन, भैसी पालन, बाखापालन, व्यवसायका कामहरु उनीहरुले गर्छन। अहिले राम्रो काम गरिरहेका छन।

ओमको आगामी योजना के छ ?

जब हामी मर्ज भनेर आयौं। पहिलो रणनीति चार वटा अञ्चलबाट बढाएर देशव्यापी रुपमा नेटवर्क विस्तार गर्ने योजनामा छौं। त्योसँग पुँजी विस्तार गर्नुपर्ने छ। राष्ट्रव्यापी रुपमा कारोबार गर्नुपर्ने अवस्था छ। वित्तिय संस्थासंग प्रतिस्पर्धा गर्न पुँजी पनि ठूलो चाहिने भएकाले पुँजी विस्तार गर्नेयोजना रहेको छ। ग्रामिण क्षेत्रमा त्यो कागज पुऱ्याउने निकै कठिन देखियो। जसको कारण हामीले चाहेर पनि कर्जा दिन सकेका छैनौं। चैत्र २२ गते हामीले मर्ज गर्ने क्रममा भूकम्पपीडितलाई झण्डै तेहेर प्रशन गरेर बैंकको संयुक्त कार्यक्रमको उद्घाटनल गरेका थियौं।

कुँपि कर्जा राष्ट्र बैंकले तोकेअनुसार ६ प्रतिशत ब्याजदर दिएका छौं। बैंक तथा वित्तिय क्षेत्रहरुले मर्ज गरेपछि सामान्यतया तारे होटलमा कार्यक्रम गर्ने गरिन्छ। तर हामीले कुनैपनि कार्यक्रमको आयोजना गरेनौं। वरु दुई लाख रुपैयाँ पनि भूकम्पपीडित र पोखरा उप-महानगरपालिकाले सञ्चालन गरेको बातावरण संरक्षण सम्बन्धी कार्यक्रमाई सहयोग गऱ्यौं। प्लाष्टिक झोला अभियान हटाऔं अभियानमा सहयोग गऱ्यौं। पार्टी भोज गरेर त्यो रकम सिध्याउनु भन्दा नागरिकको जीवनस्तरसँग सरोकार राख्ने रचनात्मक काममा लगाउन आवश्यक ठान्यौं। हामीले वस बर्पेक्षि यस्तै काम गरेर सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएका छौं।

त्यसो हो भने भूकम्पपीडितलाई कर्जा दिन सकिने अवस्था छैन ?

भूकम्पपीडितहरुले बैंकबाट कर्जा लिनको लागि त्यति सहज अवस्था देखिदैन। सरकारले तोकेअनुसारको कागजपत्र पेश गरेर सबै भूकम्पपीडितहरुले घर बनाउन सक्ने अवस्था छैन। भूकम्प पीडितहरुको गाउँमा गएका छौं। गोरखाको बारपाकमा पुगेर पनि पीडितहरुको अवस्था बुझ्यौं। अहिलेसम्म बैंकिङ क्षेत्रले १ करोड ५० लाख भन्दा बढी कर्जा दिन सकेको छैन। नेपाल राष्ट्र बैंकले दिना व्याजमा पैसा दिन्छु तपाईहरुले पैसा लिएर लगानी गर्नु भनेको छ। तर भूकम्पपीडितहरुले जुन काजगजात पेश गर्नुपर्ने भनिएको छ त्यो निकै झन्झटिलो छ। हामीले चाहेर पनि कर्जा दिन सक्ने अवस्था छैन।

ओमले कृषि क्षेत्रमा कहाँ-कहाँ लगानी गरेका छ ?

नेपालमा जति पनि बैंकहरुले कृषिमा लगानी गरेका छन् त्यो भन्दा धेरै लगानी हामीले गरेका छौं। अन्य बैंक तथा वित्तिय संस्थाले गरेको लगानी भन्दा ओम बैंकले कृषि क्षेत्रमा बढी लगानी गरेको छ। काठमाडौं भन्दा पोखरा क्षेत्रमा बढी लगानी गरेका छौं। टाउटु माछा, पशुपालन, कुखुरापालन, तरकारी उत्पादनमा लगानी गरेका छौं। कृषकलाई ऋण दिन काम पनि बैंकले गर्दै आएको छ। कृषि क्षेत्रबाट भन्दा गैर कृषि क्षेत्रबाट लोनको माग बढी आउने गरेको छ। बैंक तथा वित्तिय क्षेत्र भनेको व्यावसायिक संस्था हुन। उनीहरुले यसमा लगानी गर्नुपर्छ। बैंकहरुले बाँझ भएर गैर कृषि क्षेत्रमा लगानी गरेको भन्दा राम्रो। नेपाल राष्ट्रबैंकले निश्चित क्षेत्रमा रहेर लगानी गर्न निर्देशन दिएको छ। तर पनि त्यहां पनि बढी रकम हामीले कृषिमा लगानी गरेका छौं। जहांबाट हामी सल्टुप छौं।

देशका ४० लाख युवाहर विदेशमा छन्। यहाँहरुले युवालाई उद्यमशिल बनाउने पनि भन्नुभएको छ के योजना छ ?

योग्यता छ, तर पैसा छैन। युवाहरुलाई बिना धितो सोह दिन हामीले नै सुरु गरेका हौं। हामीले बान्सुडबाट बिना धितो ऋण दिन सुरु गरेका हौं। सडियालाई सबै वर्षधित संस्थाले ऋण दिन्छन्। तर पुरस्लाई बिना धितो लोन दिने चलन छैन। पछिलो पटक हामीले नै यो कामको सुरुवात गरेका हौं। मुख्यत्या, पुरुषहर नै बढी विदेश जाने गरेका छन्। त्यसलाई रोक्नको लागि पनि हामीले यो योजना अघि सारेका छौं। जसरी प्रत्येक दिन १ हजार पांच सय मानिसहरु विदेश जान्छन। १० लाख मानिसहरु विदेशमा सस्तो श्रम बेचिरहेका छन्। प्रत्येक वर्ष पांच लाख मानिसहरु श्रम बजारमा आउँछन्। ४० हजारले मात्र अवसर पाउँछन। साढे चार लाख मानिसहरु विचलित हुनुपर्ने अवस्था छ। त्यसलाई सम्बोधन गर्नका लागि युवासँग ओम नीति ल्याये। अहिलेसम्म सात सय मानिसहरुले बिना धितो ऋण लिएर विदेश नगई देशभित्र नै विभिन्न किसिमका उत्पादनमूलक काम गरिरहेका छन्। ग्रण्डकी र धौलागिरीमा लोन दिएका छौं। चार सय ग्रुप छन्। ती ग्रुपमा सात सय मानिसहरु छन्। चार लाख भन्दा बढी लोन लिनका लागि धितो पेश गर्नुपर्छ। चार लाख भन्दा तलको लागि धितो चाहिदैन,समूहमा ऋण लिन्छन। गाई पालन, भैसी पालन, बाखापालन, व्यवसायका कामहरु उनीहरुले गर्छन। अहिले राम्रो काम गरिरहेका छन।

ओमको आगामी योजना के छ ?

जब हामी मर्ज भनेर आयौं। पहिलो रणनीति चार वटा अञ्चलबाट बढाएर देशव्यापी रुपमा नेटवर्क विस्तार गर्ने योजनामा छौं। त्योसँग पुँजी विस्तार गर्नुपर्ने छ। राष्ट्रव्यापी रुपमा कारोबार गर्नुपर्ने अवस्था छ। वित्तिय संस्थासंग प्रतिस्पर्धा गर्न पुँजी पनि ठूलो चाहिने भएकाले पुँजी विस्तार गर्नेयोजना रहेको छ। ग्रामिण क्षेत्रमा त्यो कागज पुऱ्याउने निकै कठिन देखियो। जसको कारण हामीले चाहेर पनि कर्जा दिन सकेका छैनौं। चैत्र २२ गते हामीले मर्ज गर्ने क्रममा भूकम्पपीडितलाई झण्डै तेहेर प्रशन गरेर बैंकको संयुक्त कार्यक्रमको उद्घाटनल गरेका थियौं।

कुँपि कर्जा राष्ट्र बैंकले तोकेअनुसार ६ प्रतिशत ब्याजदर दिएका छौं। बैंक तथा वित्तिय क्षेत्रहरुले मर्ज गरेपछि सामान्यतया तारे होटलमा कार्यक्रम गर्ने गरिन्छ। तर हामीले कुनैपनि कार्यक्रमको आयोजना गरेनौं। वरु दुई लाख रुपैयाँ पनि भूकम्पपीडित र पोखरा उप-महानगरपालिकाले सञ्चालन गरेको बातावरण संरक्षण सम्बन्धी कार्यक्रमाई सहयोग गऱ्यौं। प्लाष्टिक झोला अभियान हटाऔं अभियानमा सहयोग गऱ्यौं। पार्टी भोज गरेर त्यो रकम सिध्याउनु भन्दा नागरिकको जीवनस्तरसँग सरोकार राख्ने रचनात्मक काममा लगाउन आवश्यक ठान्यौं। हामीले वस बर्पेक्षि यस्तै काम गरेर सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएका छौं।

त्यसो हो भने भूकम्पपीडितलाई कर्जा दिन सकिने अवस्था छैन ?

भूकम्पपीडितहरुले बैंकबाट कर्जा लिनको लागि त्यति सहज अवस्था देखिदैन। सरकारले तोकेअनुसारको कागजपत्र पेश गरेर सबै भूकम्पपीडितहरुले घर बनाउन सक्ने अवस्था छैन। भूकम्प पीडितहरुको गाउँमा गएका छौं। गोरखाको बारपाकमा पुगेर पनि पीडितहरुको अवस्था बुझ्यौं। अहिलेसम्म बैंकिङ क्षेत्रले १ करोड ५० लाख भन्दा बढी कर्जा दिन सकेको छैन। नेपाल राष्ट्र बैंकले दिना व्याजमा पैसा दिन्छु तपाईहरुले पैसा लिएर लगानी गर्नु भनेको छ। तर भूकम्पपीडितहरुले जुन काजगजात पेश गर्नुपर्ने भनिएको छ त्यो निकै झन्झटिलो छ। हामीले चाहेर पनि कर्जा दिन सक्ने अवस्था छैन।

ओमले कृषि क्षेत्रमा कहाँ-कहाँ लगानी गरेका छ ?

नेपालमा जति पनि बैंकहरुले कृषिमा लगानी गरेका छन् त्यो भन्दा धेरै लगानी हामीले गरेका छौं। अन्य बैंक तथा वित्तिय संस्थाले गरेको लगानी भन्दा ओम बैंकले कृषि क्षेत्रमा बढी लगानी गरेको छ। काठमाडौं भन्दा पोखरा क्षेत्रमा बढी लगानी गरेका छौं। टाउटु माछा, पशुपालन, कुखुरापालन, तरकारी उत्पादनमा लगानी गरेका छौं। कृषकलाई ऋण दिन काम पनि बैंकले गर्दै आएको छ। कृषि क्षेत्रबाट भन्दा गैर कृषि क्षेत्रबाट लोनको माग बढी आउने गरेको छ। बैंक तथा वित्तिय क्षेत्र भनेको व्यावसायिक संस्था हुन। उनीहरुले यसमा लगानी गर्नुपर्छ। बैंकहरुले बाँझ भएर गैर कृषि क्षेत्रमा लगानी गरेको भन्दा राम्रो। नेपाल राष्ट्रबैंकले निश्चित क्षेत्रमा रहेर लगानी गर्न निर्देशन दिएको छ। तर पनि त्यहां पनि बढी रकम हामीले कृषिमा लगानी गरेका छौं। जहांबाट हामी सल्टुप छौं।

देशका ४० लाख युवाहर विदेशमा छन्। यहाँहरुले युवालाई उद्यमशिल बनाउने पनि भन्नुभएको छ के योजना छ ?

योग्यता छ, तर पैसा छैन। युवाहरुलाई बिना धितो सोह दिन हामीले नै सुरु गरेका हौं। हामीले बान्सुडबाट बिना धितो ऋण दिन सुरु गरेका हौं। सडियालाई सबै वर्षधित संस्थाले ऋण दिन्छन्। तर पुरस्लाई बिना धितो लोन दिने चलन छैन। पछिलो पटक हामीले नै यो कामको सुरुवात गरेका हौं। मुख्यत्या, पुरुषहर नै बढी विदेश जाने गरेका छन्। त्यसलाई रोक्नको लागि पनि हामीले यो योजना अघि सारेका छौं। जसरी प्रत्येक दिन १ हजार पांच सय मानिसहरु विदेश जान्छन। १० लाख मानिसहरु विदेशमा सस्तो श्रम बेचिरहेका छन्। प्रत्येक वर्ष पांच लाख मानिसहरु श्रम बजारमा आउँछन्। ४० हजारले मात्र अवसर पाउँछन। साढे चार लाख मानिसहरु विचलित हुनुपर्ने अवस्था छ। त्यसलाई सम्बोधन गर्नका लागि युवासँग ओम नीति ल्याये। अहिलेसम्म सात सय मानिसहरुले बिना धितो ऋण लिएर विदेश नगई देशभित्र नै विभिन्न किसिमका उत्पादनमूलक काम गरिरहेका छन्। ग्रण्डकी र धौलागिरीमा लोन दिएका छौं। चार सय ग्रुप छन्। ती ग्रुपमा सात सय मानिसहरु छन्। चार लाख भन्दा बढी लोन लिनका लागि धितो पेश गर्नुपर्छ। चार लाख भन्दा तलको लागि धितो चाहिदैन,समूहमा ऋण लिन्छन। गाई पालन, भैसी पालन, बाखापालन, व्यवसायका कामहरु उनीहरुले गर्छन। अहिले राम्रो काम गरिरहेका छन।

ओमको आगामी योजना के छ ?

जब हामी मर्ज भने

सामुदायिक विद्यालयको भौतिक निर्माण एवं सुधारका लागि बजेट निकासा

पोखरा ४ जेठ ।

कास्कीका सामुदायिक विद्यालयको भौतिक निर्माण र सुधारका लागि शिक्षा विभागले २४ करोड ९ लाख रुपैयाँ बजेट निकासा गरेको छ । निकासा गरिएको रकम सम्बन्धित विद्यालयलाई पठाईसकिए को जिल्ला शिक्षा कार्यालय कास्कीले जनाएको छ । जिल्ला शिक्षा कार्यालय कास्कीले आठओटै भवन निर्माणका लागि बहुवर्षीय योजना अन्तर्गत २४ लाख रुपैयाँ निकासा गरिदिएको छ । चार वटा विद्यालय भवनलाई उक्त बजेट निकासा भएको जिल्ला शिक्षा अधिकारी रमाकान्त शर्माले बताए । विद्यालयहरुले गरेको कामका आधारमा पहिलो किस्ता र दोस्रो किस्ताको समेत रकम निकासा गरिसकिएको जिल्ला शिक्षा कार्यालय कास्कीले जनाएको छ । बिगतमा विद्यालयहरु लाई भौतिक निर्माणको लागि छुट्टाइएको र विद्यालय खातामा निकासा गरिएको रकम समयमा तोकिएको मापदण्ड तथा स्तर अनुसार कार्य गर्न नसक्नुले ठूलो परिणाममा बेरुज रहेको भन्दै उनले समयमै काम गर्न समेत आग्रह गरेको बताए । निकासा गरिएको रकम अनुसार ८ वटा भवन बनाउन प्रति भवन १ लाख रुपैयाँको दरबाट निकासा भएको छ ।१६ विद्यालय भवनमा तीनकोठा र फर्निचरसहित व्यवस्था गर्न १९ लाख ५० हजारको दरले निकासा गरिएको उनले जानकारी दिए । ६ वटा विद्यालय भवनका चार कोठे बनाउन गत आर्थिक वर्षको कमागत अनुसार १४ लाख रुपैयाँ छुट्टाइएको छ । १३ वटा विद्यालय लाई छात्रा शौचालय बनाउन चार लाखको दरले निकासा गरिएको छ । भूकम्पीय क्षेत्रमा एक लाखको दरमा १५० कोठा निर्माण गरिने छ । भूकम्पीय रेक्टो फिटिकडा लागि ४५ कोटाको लागि दुईलाख २५ हजारको दरले छुट्टाई पठाइसकिएको छ । १७४ कोठा (दुईकोठे भवन) सहित फर्निचर व्यवस्था गर्न प्रतिकोठा छ लाख ७५ हजार रुपैयाँ छुट्टाइएको छ । विद्यालयमा खानेपानी सुविधा उपलब्ध गराउनतर्फ पनि जिल्ला शिक्षा कार्यालय कास्कीले बजेट दिएको छ । शिक्षा विभागबाट प्राप्त बजेट अन्तर्गत दुईवटा विद्यालयलाई पाँचलाखको दरले खानेपानी व्यवस्था गर्न छुट्टाइएको छ । कक्षा कोठा पुनर्व्यवस्थापन र फर्निचर सहित राख्न दश कोटालाई एक लाखको दरमा विनियोजन गरिएको छ ।१४ वटा विद्यालयलाई शौचालय मर्मत तथा खानेपानीका लागि पाँचलाखको दरमा बजेट उपलब्ध गराईएको जिल्ला शिक्षा कार्यालय कास्कीले जनाएको छ ।

त्यसैगरी विद्यालय भूकम्पीय सुरक्षा क्षतिको आधारमा पाँच विद्यालयको लागि ३६ लाख २० हजार छुट्टाइएको जिशिअ शर्माले जानकारी दिए । स्रोत केन्द्र भवन बनाउन दुई कोटाको लागि दुई लाखको दरले उपलब्ध गराइएको छ । गत वर्षको वैशाख १२ गते र २९ गते एएको भूकम्पले कास्कीका विभिन्न गाविसमा अवस्थित सामुदायिक विद्यालय क्षतिग्रस्त भएका थिए । अस्थायी ठहरामा कक्षाकोठा निर्माण गरी पठन-पाठन शुरु गरिएको थियो । एजेन्सी

पोखराको...

उनले आफ्नो कार्यकालमा आफ्नो जिम्मेवारी क्षेत्रमा कुनै पनि नियमविपरित कार्य हुन नदिने उल्लेख गरे । उनले लेकसाईडका ठुला होटलबेखि साना सबै ठाउँमा आफ्नो नजर रहेकाले नियमविपरित कसैलाई व्यवसाय गर्ने छुट नभएको बताए । पोखरामै सर्वोच्च बढि परेलु मदिरा मालेपटन क्षेत्रबाट तीन साता भरि उनकै नेतृत्वमा बरामद भएको थियो ।

यसैबीच, पोखरा डान्सबार एशोसियसनका अध्यक्ष लक्ष्मण गुरुङले नियम विपरित सञ्चालित डान्सबारहरुको बचाउमा आफुहरु नलाग्ने स्पष्ट पारेका छन् । उनले सोमिक नाईट क्लब एण्ड डान्सबार दुई महिना अघि मात्र संघमा आवद्ध भएको जनाउँदै यहरीले छापा मार्ने क्रममा त्यहाँ देखिएको गतिविधि स्विकारयोग्य नभएको बताए । 'जिल्ला प्रशासन कार्यालयबाट मात्र अनुमति लिन बाँकी रहन आएको देखिएको छ । केहि दिन चार बन्द गरेर सम्पुर्ण प्रकिया पुरा नगरी हामी नै सञ्चालन हुन दिदैनौं ।' उनले भने-'अन्य डान्सबार समेत यसो हुन सक्छन् । हामी दुई तीन दिनभित्रै बैठक बसेर निर्णय लिन्छौं ।' उनले ११ बजेसम्म मात्रै खोल्नुपर्ने, यातकर्मी बेट्ने, डान्सर तथा स्टाफ युवतीलाई अश्लिल क्रियाकलापमा संरलग्न गराउन नहुने, भित्रको ध्वनी बाहिर आउन नहुने लगायतमा आफुहरु गम्भीर रहेको बताए ।

पोखरा क्षेत्रका १३ डान्सबार एशोसियसनमा आवद्ध छ । बाँकी दुई तीन डान्सबार सञ्चालनमा आएको जनाउँदै अध्यक्ष गुरुङले उनीहरुलाई पनि आवद्धताका लागि पत्र काटिसकिएको बताए। प्रकिया पुरा नभएको भए यथाशीघ्र प्रकिया पुरा गर्न पनि उनले आग्रह गरेका छन् । एजेन्सी

पेट्रोलियमको नापतौलमा एकरुपता ल्याउन माग

गोल्डेन न्यूज संवाददाता

पोखरा ४ जेठ ।

नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनमा नवनिर्वाचित पदाधिकारीहरुलाई मंगलवार पोखरामा बधाई तथा शुभकामना प्रवन गरिएको छ । गण्डकी तथा धौलागिरी पेट्रोलियम डिलर्स एशोसिएशन पोखराले एक समारोह का बीच एशोसिएसनका द्वितीय उपाध्यक्षमा कपिल अधिकारी, सदस्य सुनिल गुरुङ र मनोनयन सदस्य राजन गजुलाई एक समारोहका बीच बधाइ तथा अबिर लगायर ३ वर्ष कार्यकालको सफलताको शुभकामनासहित बधाई ज्ञापन गरिएको हो । एशोसिएशनका द्वितीय उपाध्यक्ष कपिल अधिकारीले ४ हजार लिटर पेट्रोलियम पदार्थको दयाङ्कीमा एक सय लिटरसम्म कम पेट्रोलियम पदार्थ कम हुने गरेको दावी गरे । एशोसिएसनका केन्द्रीय सदस्य तथा गण्डकी दयाङ्कर व्यवसाय संघका अध्यक्ष सुनिल गुरुङले २०औं वर्ष देखिको आफुहरुको माग अब पनि पुरा नभए आफुहरु सशक्त आन्दोलनमा होमिने

चेतावनी दिए। गण्डकी तथा धौलागिरी पेट्रोलियम डिलर्स एसोसिएसन पोखराका अध्यक्ष सुशिल गौचनले पछिल्लो ६ महिनादेखि भारतबाट आउने पेट्रोलियम पदार्थमा तौकिएको यसमा आफुहरुको गम्भीर ध्यानआकर्षण भएको जनाए ।

त्यसैगरी एशोसिएशन गण्डकी तथा धौलागिरीका मासांचिव तथा केन्द्रीय सदस्य राजन गाजुलले पछिल्लो क्रममा भारतीय आयल निगमले नेपालको नापतौलाई मान्यता नदिई सहि ढंगले पेट्रोलियम पदार्थ नदिदा व्यवसायहरु हाल निकै घाटामा व्यवसाय गर्न बाध्य भएको बताए । कार्यक्रममा उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कपिलनाथ कोइरालाले देशको असहज परिस्थितिमा कम दबाब दिएको कारणले गर्दा यस क्षेत्रमा थोरै मात्रमा पेट्रोलियम पदार्थ आयात भएको बताए । एशोसिएशन गण्डकी तथा धौलागिरीका निर्वतमान अध्यक्ष जगत बराल, सल्लाहकार रुद्र घले, व्यवसायी बाबुराम जमरकट्टेल लगायतले भारतीय आयल निगमले नेपाल आयल निगमको मापदण्ड अनुसार पेट्रोलियम पदार्थमा सहि परिमाण नदिएको कारण व्यवसायहरुसाई हाल धेरै मार परेकोले यथाशीघ्र नेपाल सरकारले कूटनीतिक पहल गरी नाप तौलमा एकरुपता ल्याउन व्यवसायीहरुले जोडदार माग गरेका छन् ।

दलित मोर्चा लेखनाथको अध्यक्षमा रुपबहादुर

गोल्डेन न्यूज संवाददाता

पोखरा ४ जेठ ।

नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाको लेखनाथ नगर भेला सोमवार सम्पन्न भएको छ । भेलाले रुपबहादुर दजीको अध्यक्षतामा ३३ सदस्यीय नगर कमिटी निर्वाचित गरेको छ । कमिटीको उपाध्यक्ष बसन्ती विक र कर्ण विक, सचिव धनबहादुर सुनार, सह-सचिव हस्तबहादुर नेपाली कोइराला र कोषाध्यक्ष हुमबहादुर परियार छन् । भेलाको उद्घाटन गर्दै मोर्चाका ४ नम्बर प्रदेश संयोजक भीमबहादुर विक (क्षितिज) ले संविधानको कार्यान्वयन गर्न मौलिक हकमा उल्लेखित कानुन निर्माण गर्नुपर्नेमा जोड दिए ।

एकीकृत माओवादीका जिल्ला सदस्य शिवजी लामिछानेले राजनीतिक पार्टीले पनि समानुपातिक समावेशिताको अभ्यास गर्न जरुरी रहेको बोल्दाए । कार्यक्रममा बाइसिएलका जिल्ला अध्यक्ष विजय थापाले पनि बोलेका थिए । रुपबहादुर दजीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भीमबहादुर नेपालीले स्वागत गरेको एकीकृत माओवादीका १ नम्बर क्षेत्रका कार्यालय सचिव गोविन्द बान्लेले जानकारी दिए ।

सार्वजनिक सूचना

यस ले.ना.प बडा नं. ८, बस्ने सोमबहादुर विकको श्रीमती भूमि विकको नाममा रहेको सावित शिशुवा ३ को किता नं. ११४१ समेत ठेक्दल ०-५-३-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तर र दक्षिण तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
११४११ समेत	बाटो	बाटो	१०९७१	१३१६ समेत

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

अनेक समस्या सफल उपचार

ज्याष्टिक: छाला रुँघ्न बहुत, आमेला पानी आउने, झुसिल हुकार आउने जस्तो सुकै पुरानो ज्याष्टिकको सफल उपचार ।

थीन समस्या: लिङ्ग स्खलत, उत्तेजना बहुने, लिङ्ग छिलाउने, स्खलत दोष जस्तो सुकै थीन समस्याको सफल उपचार ।

गहिला सम्बन्धि समस्या

महिलामारी महत्वारी, कलोपाको बस्ने, योनी छिलाउने, सल्ली पेट दाह कमार हुने, पेट तथा छातीमा भएको बेथा पत्रा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, थीन थाहानामा कमी हुने जस्ता सुकै समस्याको आयुर्वेदिक पद्तिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने सुन्दरता:- काली छाबी पोत्रो, डण्डिफ्रोर, दाम धब्बा, मच्छिया डाडी, पाउरोपिन हटाई पुरै शरिर गोरो बनाउने ।

पुरुषी पातको पाँचथिको पहिचान गरी पाँचथी एक्लाउने !

थप उपचार:- फ्रेक्चर, मूत्तर, जण्डिस, पिलास, पाइल्स, दुध नाभे दाम, दाह जम्मर, दाह जोती पुरै शरिर हुकाई ठिक पार्ने सबार तेल ।

शितल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फोन नं.०६१-५३९६७७, ०६-१२२६५६२, मो. ९८४६१३७४९८

फ्रि होम डेलिभरी

सूचना ! सूचना !! सूचना !!!

नेपालमा प्रत्येक वर्ष १५,००० भन्दा बढी मानिसहरुको धुम्रपान र सुर्तिजन्य पदार्थको सेवनबाट मृत्यु भइरहेको छ त्यसैले सुर्तिजन्य पदार्थ सेवन नगरौं। सुर्तिजन्य नियन्त्रण तथा नियमन निर्देशिका २०७१ अनुसार सार्वजनिक स्थानहरु स्थाहरु जस्तै : स्वास्थ्य संस्था, शिक्षण संस्था, सार्वजनिक सवारी, उद्योग तथा कलकारखाना, होटल, रेष्टुरेन्ट, चलचित्र हल, नाट्यशाला, खेलकुद क्षेत्र, डिपार्टमेन्टल स्टोर, मिनी मार्केट, धार्मिक स्थल, टिकट काउण्टर जस्ता धेरै मानिसहरु कार्य गर्ने र जम्मा हुने कुनैपनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ति सेवन गर्न नपाइने व्यवस्था गरेको छ। कसैले यस ऐन विपरित सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तिसेवन गरेमा देहाय बमोजिम सजाय हुने व्यहोरा जानकारी गराइन्छ :

(क) धुम्रपान वा सुर्तिसेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक-पटक धुम्रपान वा सुर्तिसेवन गरेमा जिजलाई सार्वजनिक स्थलबाट बाहिर निकाले वा १०० सँघाँ जरिवाना वा दुवै सजाय हुने।

(ख) धुम्रपान वा सुर्तिसेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा वा सुर्तिसेवन गर्न तुरुन्त रोक लगाउने र पटक-पटक धुम्रपान वा सुर्तिसेवन गरेमा अनुशासन नरोकी सरह माथि निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सजेन गराउने वा अन्य विभागीय कार्वाही हुने।

त्यसैले हाम्रो अपिल : यदि तपाईं आफ्नो परिवारलाई माया गर्नुहुन्छ भने अजैविक धुम्रपान र सुर्ति सेवन गर्न छोड्नुहोस्.....।

जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की

पोखरामा पहिलो पटक

योबबुद्धक : लिङ्को साइज, पावर बढाउन, लिङ्ग स्खलत रोक्न, विर्य बिच्चार हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)

- स्तन बढाउने, घटाउने, टाइट गर्ने, मुलाइ कसिलो बनाउने, पेटको थिरा हटाउने ।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)

थाहै नदिई जाँड रक्सी धुरोट, खैनी, गाँजा तथा तुरुन्त छुटाउने।

- दाँड तथा जोली दुवाई ठिक पार्ने, सस्तो सुधा पेवलिस।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स

(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा

061-539070, 9856035331, 9804122919

चाबी घर

सिद्धार्थ चोक पोखरा फोन ०६१-५२०५८७

९८५६०५१४२७ ९८०४९१३२५१

हामी कहाँ हरेक प्रकारका तालाको चाबी, टुम्बस्टिर, रेमिकार, हात बत्ती, मोटरसाईकल, फोल्डस्, टेबल क्लोथ्स, स्युटकेस, बक्स चाबी, सेफ्टी लक आदि सब्ै चाबी तिमीलाई उपलब्ध छ ।

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin हुदै र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा सञ्चालन बलिरहेको छ ।

◇शतप्रतिशत उत्तीर्ण गराउन सफल ◇आफ्नै मेसपावर कम्पनीबाट प्रोसेस गराइने ।

◇१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.

पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)

मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,

फोन:०६१-५४०५२२, मो. ९८४५०-१९९२

"रंगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनी पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इम्पायराका सार्थै सिपेकको समस्या साधधान , वाटर प्रुफिङ्ग गरिन्छ ।

फोन : ०६१-४३०१९४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi मा Spark Middle East Star Skill Force, UAE मा DPS, कतारमा Grup-4, बगदाद, बसरा लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र व्यवसायिक सेक्युरिटी सम्बन्धी सम्पुर्ण ज्ञानसहित सेक्युरिटी गार्डको जागिर खुवाउने व्यवस्था मिलाइन्छ । इच्छुक व्यक्तिले तु-सम्पर्क गरी आफ्नो सुनौलो भविष्यको सुनिश्चितता गर्नु होला ।

तयारी कक्षा सञ्चालनमा

सम्पर्क

आमोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि.

पृथ्वीचोकबाट १०० मि. तल, सयपत्रीतर जाने बाटोमा

(भुक्तिनाथ विकास बैंकको ठीक अगाडी) सिद्धार्थचोक मन्दिरको आडमा - नारायणी लजमा)

पो.ब.नं. ३५

फोन नं. : ०६१-५३०२२८, ५३०२२९, ५३०२३०

मो. : ९८४६०२०२२८, ९८४६०२०२२९

प्रो. वद्री के.सी. : ९८५६०२९८४६

प्रो. गोपाल बहादुर कार्की : ९८४५६०३९८७२

प्रो. राजेश के.सी. : ९८५६०३७३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ्ग पनि छ ।)

खुशीको खबर ! खुशीको खबर !!

के तपाईं प्लाष्टिक भोलाहरुको विकल्पमा वातावरणमैत्री भोलाहरुको खोजीमा हुनुहुन्छ ? आउनुहोस् हामीसंग छ यसको विकल्प ।

सम्पर्क वातावरणमैत्री बुद्ध फेब्रिक्स व्याग उद्योग

पोखरा-४, रामकृष्णटोल, सिद्धार्थचोक भन्दा केही घर माथि (गोपालजी मन्दिरको आड्मा) फोन : ०६१-५४१३४७

मोवाइल : ९८५६०२१५१८, ९८४५०२८५१८

के तपाईं F.M. मा काम गर्न चाहनुहुन्छ ?

अथवा कुनैपनि कार्यक्रममा दुक्क भएर बोल्न चाहनुहुन्छ ?

वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?

व्यक्तित्व बेतृत्व विकास गर्न चाहनुहुन्छ ?

कि तपाईं बोलेर अस्सलाई प्रभाव पार्न चाहनुहुन्छ ?

चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुरी F.M. मा काम गरिसकेका छन् ।

अब तपाईंको व्यक्तित्व बेतृत्व विकास गराउन र सक्षम एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिईदैं छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सिट सीमित छ।

प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुरै अनुभवी संचारकर्मीहरु ।

हाम्रा सेवाहरु

तालिम लिइ नृत्य/कम्प्युटर कोर्ष लिदैमा उत्कृष्ट रोजगारको अवसर

अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ संक्षम बनाइने ।

कक्षा संचालन भइरहेको छ।

R.J MC

क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस

न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७३०, ९८१५९२४७७० केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

९ वर्षपछि नेविसंघ महाधिवेशनको सुरसार

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ४ जेठ ।

देशको सबैभन्दा ठूलो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसको प्रमुख भातृ संगठन नेपाल विद्यार्थी संघको पछिल्लो महाधिवेशन २०६४ सालमा भएको थियो । त्यसयता चार महाधिवेशन सम्पन्न भइसकेको हुनुपर्नेमा आन्तरिक विवादले गर्दा एउटा पनि हुन सकेको छैन । नेपाली कांग्रेसको सभापति निर्वाचित भएलगत्तै शेरबहादुर देउवाले ६ महिनाभित्र भातृ संस्थाहरुको महाधिवेशन गर्ने निर्णय गराए । दुई हप्ता अघि नेपाल विद्यार्थी संघका (नेविसंघ) अध्यक्ष रञ्जित कर्णलाई बुढानिलकण्ठ स्थित निवासमै बोलाएर देउवाले छिटो बैठक राख्न र महाधिवेशनको तयारीमा जुट्न निर्देशन दिएका थिए । अब बस्ने केन्द्रीय कमिटी बैठकले नेविसंघ महाधिवेशनका लागि पार्टी केन्द्रीय सदस्य प्रकाशशरण महतको नेतृत्वमा निर्देशक समिति बनाउने तयारी छ । पार्टीको निर्णय र निर्देशन अनुसार नेविसंघ महाधिवेशनको तयारीमा जुट्ने नेताहरु बताउँछन् ।

नेविसंघ प्रवक्ता यूपी लामिछानेले जेठ पहिलो साता केन्द्रीय समितिको बैठक बसेर महाधिवेशनको तयारीबारे आवश्यक निर्णय लिने जानकारी दिए । 'संघीय स्वरुपअनुसार नेविसंघलाई ढाल्नुपर्ने छ,' प्रवक्ता लामिछानेले भने,-'त्यसैले विधान संशोधन लगायतका विषयमा छलफल गर्न जेठ पहिलो साता बैठक बस्दै छौं ।'

विधानको लफडा : कांग्रेस विभाजनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको नेपाली कांग्रेस निकट नेविसंघको नेतृत्व महेन्द्र शर्माले र प्रजातान्त्रिक निकट नेविसंघको नेतृत्व किशोरसिंह राठौरले गरेका थिए । २०६४ जेठमा चितवनमा भएको शर्मा नेतृत्वको नेविसंघको महाधिवेशनबाट पदीय पौडेल अध्यक्षमा चुनिए । २०६४ असारमा भएको राठौर नेतृत्वको नेविसंघको नेपालगञ्जमा भएको महाधिवेशनबाट कल्याण गुरुङ अध्यक्षमा निर्वाचित भए ।

दुई कांग्रेस एक भएपछि पौडेललाई अध्यक्ष मानियो र गुरुङलाई सहअध्यक्षको जिम्मेवारी दिइयो । पछि पौडेल नेतृत्वको नेविसंघलाई पार्टीले विघटन गरिदियो र २०६८ सालमा रञ्जीत कर्णलाई अध्यक्षको जिम्मेवारी तोकियो । विभाजनको तुस बोकी नै रहेकाले हरेक दुई-दुई वर्षमा हुनुपर्ने नेविसंघको महाधिवेशन आन्तरिक विवादका कारण २०६४ सालयता हुन सकेको छैन । नेविसंघको मातै होइन तरुण दल, नेपाल महिला संघ लगायतका का.गं.सका कुनै पनि भ्रातृ संस्थाहरुको महाधिवेशन पनि पार्टी एकतापछि भएका छैनन् । नेविसंघका एक नेताले भने, 'दुई कांग्रेस एकीकरण भएपछि एउटा भ्रातृ संस्थाको नेतृत्व संस्थापन पक्षको र अर्को भ्रातृ संस्थाको नेतृत्व देउवा पक्षको भनेर बाँडफाँड गरे । तर, तल्लो तहका कमिटी कसरी मिलाउने भनेर स्पष्ट कार्ययोजना नै बनाएनन् । अहिले हामी त्यसैको प्रतिफल भोग्दै छौं ।' अब विवाद नआउने गरी नेविसंघलाई एकताबद्ध पार्ने र संघीय संरचनाअनुसार ढाल्न विधान संशोधन गर्ने मुख्य चुनौति छ । विधान संशोधनमा माउ पार्टीको मुख्य भूमिका रहन्छ, जुन भूमिका अपेक्षाकृत पार्टीले खेल्न नसकेको गुनासो नेविसंघका नेताहरुको छ ।

अध्यक्ष पक्का प्रमुख दावेदार जितजंग वस्नेत भन्छन्, 'विडम्बना नै भन्पर्छ अहिलेसम्म पार्टीका नेताहरुले विधान संशोधनबारे हामीसँग एकपटक पनि छलफल गरेका छैनन् । पार्टीको मेरुदण्ड भनेकै नेविसंघ हो तर मेरुदण्ड नै कमजोर भए के होला ?'

पूर्व पार्टी सभापति सुशील कोइरालाको पालामा महाधिवेशनको मिति घोषणा भएपछि, जिल्ला अधिवेशनहरु धमाधम भइरहेका थिए । तर, नेपालमा आयोजित सार्क सम्मेलनलाई कारण देखाउँदै अन्तिम समयमा स्थगित गरियो । अब फेरि नेविसंघको महाधिवेशनको तयारी भइरहेको छ तर, धेरैजसो जिल्लामा अधिवेशनबाट प्रतिनिधि चुनिएकाहरुलाई मान्यता दिने कि नौंदो भन्ने टुंगो लागेको छैन ।

वस्नेत भन्छन्,-'यसअघिका डेलिगेटस कोहि पार्टीमा निर्वाचित भएर गए, कोहि विदेश गए, कोहिले पार्टी नै छाडे, कसैको मृत्यु भयो । कतिपय जिल्लामा दुई वर्ष अघि नै चुनिएका डेलिगेट्सहरुलाई अहिले मान्यता दिने कि नदिने लगायतका तमाम विषयहरु छन् जसमा पार्टीका नेतातरुफ मुख खोल्न सकेका छैनन् ।' तर, नेविसंघ अध्यक्षका अर्का दावेदार नैनसिंह महर भने विधानमा खासै समस्या नरहेको बताउँछन् । उनले भने, 'हामीसँग पहिलेकै विधान छ त्यसलाई संघीय ढाँचामा लैजाने मात्रै काम हो । यो कुनै ठूलो समस्या होइन ।'

पाटीमा विधान संशोधनको मोटामोटी प्रस्ताव आफूले पेश गरिसकेको र त्यसमा छलफल गरी टुंगो लाग्न बाँकी रहेको उनी बताउँछन् ।

बीसिलाइ नेतृत्वमा धावा

देउवा र कोइराला पक्षबीचको विवाद ६४ जिल्लामा मिलिसकेकै पनि ११ जिल्लामा अझै कायमै छ । काठमाडौं उपत्यकामा कीर्तिपुर, आरआर, ताहाचल लगायतका अध्यापसमा पनि विवाद मिलिसकेको छैन । सबैभन्दा मुख्य समस्या केन्द्रीय क्याम्पस कीर्तिपुरमा छ । वर्षौं देखि थाति राखिएका यी विवादहरु मिलाएर आफ्नो पक्षको बचेंचमा कायम गर्ने र नयाँ नेतृत्व चयन गर्न रस्साकस्सी सुरु भइसकेको छ । लामो समयपछि हुन लागेको नेविसंघको महाधिवेशनले कस्तो नीति अख्तियार गर्ला भन्ने चासो त छँदैछ तर, त्योभन्दा बढी चासो नेतृत्वमा को आउला भन्ने छ ।

अध्यक्षमा त्रिपक्षीय प्रतिस्पर्धा

नेविसंघ अध्यक्षका आकांक्षी धेरै भएकाले महाधिवेशनमा चुनावी प्रतिस्पर्धा हुने सम्भावना बढी छ । अध्यक्ष पदका आकांक्षीहरु एक दर्जन नै भए पनि प्रमुख दावेदार भने तीन जना छन् । उपाध्यक्ष नैनसिंह महर तथा पूर्वमहामन्त्रीय जितजंग वस्नेत र मनोजमणि आचार्य अध्यक्षका मुख्य दावेदार हुन् । जितजंग वस्नेत नेविसंघका पुराना नेता हुन् । भारतको नयाँदिल्लीमा स्नातक पढ्न गएका वस्नेत नेविसंघ दिल्लीको अध्यक्ष बनेका थिए । भारतमा स्नातक सकेर उनी स्नातकोत्तर पढ्न नेपाल फर्किए र त्रिभुवन विश्वविद्यालयमा भर्ना भए । केन्द्रीय क्याम्पस कीर्तिपुरमा नेविसंघको इकाइ समिति सदस्य र सचिव हुँदै उनी २०५८ सालमा अध्यक्ष बन्न सफल भए । त्यसपछि नेविसंघको केन्द्रीय सदस्य बनेका उनी नेपाल गज्जमा आयोजित महाधिवेशनबाट महामन्त्रीमा चुनिए । २०५२।५३ को दोस्रो जनआन्दोलनमा केन्द्रीय क्याम्पस कीर्तिपुर र त्यस आसपासका क्षेत्रहरुबाट उनी सक्रिय सहभागी भए ।

त्यसक्रममा पटक-पटक हिरासतमा बसेका उनी शाही शासनकालको स्थानीय निकायको निर्वाचनको विरोधमा उत्रिएकोबेला पहरीको कुटाइबाट घाइतेसमेत भए । पाँगा दोभाटे क्षेत्रमा प्रहरीको कुटाइबाट खुट्टा भाँचिएर धनुषा परेकी उनी बताउँछन् । गम्भीर र शालिन व्यक्तित्व भएका वस्नेत कांग्रेस सभापति शेरबहादुर देउवा परिवारका प्रियपात्र हुन् । ललितपुर निवासी उनी कांग्रेसको १२ औं र १३ औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि चुनिएका थिए । नैनसिंह महर डडेलधुरा निवासी हुन् । महर कुनै समय राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र काठमाण्डौं पोस्टका डडेलधुरा सम्वाददाता थिए । नेपाल पत्रकार महासंघ डडेलधुराको उनी संस्थापक सभापति हुन् । पत्रकारिता 'व्याकग्राउण्डका महर विद्यालयमा अध्ययन गर्दादेखि नै नेविसंघको राजनीतिमा सक्रिय थिए । उनी डडेलधुराको नेविसंघ जिल्ला अध्यक्ष पनि चुनिए । ०६४ जेठमा चितवन महाधिवेशनबाट नैविसंघको केन्द्रीय सदस्यमा चुनिएका महर नेपालगञ्ज महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित भए । नेविसंघको केन्द्रीय संगठन विभाग प्रमुखको जिम्मेवारीसमेत सम्हालेका महरको देशभर राम्रो प्रभाव रहेको नेताहरु बताउँछन् ।

विद्यालयस्तरीय व्याडमिन्टन प्रतियोगिता सकियो

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

मदन-आश्रितको २३औं स्मृति दिवसका अवसरमा आयोजित दुई दिने विद्यालयस्तरीय व्याडमिन्टन प्रतियोगिता मंगलवार पोखरामा सम्पन्न भएको छ । मदन भण्डारी स्पोर्टस एकेडेमी कास्कीले आयोजना गरेको प्रतियोगितामा व्याडज सिंगलमा प्रगति बोर्डिङ्ग विधान अधिकारी प्रथम र प्रगतिकै सुलभ बस्नेत दोश्रो भए । त्यसैगरि प्रगतिका धिरन विक र सैनिक आवासीय महाविद्यालयका ओम थापाले तृतीय स्थान हात पारे । गर्ल्स सिंगलतर्फ टप्प उच्च मावित्रा आकसती केसी प्रथम, प्रगतिकी प्रतिक्षा गुरुङ दोश्रो, प्रगतिकी शितल केसी र टप्पकी समिक्षा गुरुङले तृतीय स्थान प्राप्त गरे । त्यसै गरि व्याडज डबल्सतर्फको खेलमा प्रगतिका निकेश खड्का र विधान अधिकारी प्रथम, सुलभ बस्नेत र धिरेन विक दोश्रो, सैनिकका ओम थापा र विश्वास कुँवर दोश्रो तथा कुमुदिनीका धिरज श्रेष्ठ र आयुष श्रेष्ठले तृतीय स्थान हात पारे । गर्ल्स डबल्स तर्फको खेलमा टप्पकी आकृति केसी र प्रतिक्षा गुरुङ प्रथम, प्रगतिकी निर्जला खड्का र शितल केसी दोश्रो र टप्पकी समिक्षा गुरुङ र एलिशा बलालले तेश्रो स्थान प्राप्त गरे ।

विजयी खेलाडीलाई नेकपा एमालेका पोलिटब्युरे सदस्य तथा गण्डकी अञ्चल इन्चार्ज जगत विश्वकर्मा, नेकपा एमाले कास्कीका सचिव दामोदर बैरागी, नेकपा एमाले क्षेत्रन ३ का अध्यक्ष धन बहादुर नेपाली, मदन भण्डारी स्पोर्टस एकाडेमीका केन्द्रिय सदस्य राजेन्द्र गुरुङ, नेपाल ओलोम्पिक कमिटीका सदस्य तेज गुरुङ, कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङ लगायतले नगद, पदक तथा प्रमाण पत्र प्रदान गरेका थिए ।

मदन भण्डारी स्पोर्टस एकाडेमी कास्कीका अध्यक्ष ऋषिराम गौतमको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव कृष्ण तिमिल्सिनाले गरेका थिए । प्रतियोगिताका १३ विद्यालयका ७६ टिमको सहभागिता रहेको थियो ।

सोसल पब्लिकमा विद्यार्थीको दन्तपरीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

पोखरा-१० बुद्धचोकस्थित सोसल पब्लिक स्कूलमा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि एक दिने निःशुल्क दन्त परीक्षण शिविर तथा मुख-स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरियो । विद्यालयमा हालै गठित नेपाल जुनियर रेडक्रस सर्कलको आयोजनामा भएको उक्त कार्यक्रम पश्चिमाञ्चल डेन्टल होस प्रालि. नयाँबजारको सहयोगमा सम्पन्न भएको हो । उक्त डेन्टल होमका तर्फबाट डाक्टर कमल प्रसाद चापागाईको नेतृत्वको पाँच सदस्यीय टोलीले कक्षा १ देखि १० सम्मका करीब ७०० जना विद्यार्थीहरुको मुख तथा दाँत जाच्ने गर्नुका साथै ९ र १० कक्षाका विद्यार्थीहरुलाई ओरल हेल्थ सम्बन्धी जानकारीमूलक प्रस्तुतिहरु मार्फत सचेतना कार्यक्रम पनि सम्पन्न गरेका थिए ।

शिविरलाई औपचारिक रुपमा समापन गर्नको लागि आयोजित कार्यक्रममा वीसौं डा. कल्पशरण चापागाईले उचित ज्ञानको अभावका कारण कतिपय मानिसहरुले दाँतसम्बन्धी समस्याबाट धेरै दुख र कष्ट बेहोर्नुपरेको सन्दर्भ कोट्याउँदै माध्यमिक तहका विद्यार्थीहरुले स्वास्थ्य सम्बन्धी धेरै कुराहरु आफूले बुझेर अरुलाई पनि बुझाउन सक्ने भएकाले समाजमा चेतना फैलाउन सचेतना कार्यक्रम विशेषत उनीहरुका लागि लक्षित गरिएको बताए ।

विद्यालका प्रिन्सिपल खिमबहादुर गुरुङले कतिपय अज्ञानताका कारण र कुनै बेला हेलचेक्र्याइका कारण मानिसहरुले मुख तथा दाँतसम्बन्धी समस्या झेल्नु परेको बताउदै सो परीक्षण शिविर र सचेतना कार्यक्रमबाट विद्यार्थीहरुले आफूले सिकेका कुराहरु परिवार र छर-छिमेकका अन्य सदस्यहरुलाई पनि बताई चेतना फैलाउने कार्यमा लाग्न सल्लाह दिए । कार्यक्रममा पश्चिमाञ्चल डेन्टल होम र डाक्टरहरुको टोलीलाई विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

टोल विकास नगर समन्वय समितिको बैठक

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

टोल विकास संस्था नगर समन्वय समिति पोखरा-१० को बैठक मंगलवार सम्पन्न भयो । पोखरा उप-महानगरपालिका कार्यालय पोखरासँग आबद्ध रहि पोखराको समग्र विकास र अन्य कार्यमा सहभागी र सहयोग पुर्‍याउने उद्देश्यले स्थापित समितिको बैठकले नगरपालिकाको नीति, नियमलाई कार्यान्वयन गराउदै नागरिकको समस्या र नगरपालिकाले गर्नुपर्ने काम छिटो छरितो गर्न आग्रह गर्ने, पोखरालाई प्लाष्टिक झोला र गिलास मुक्त क्षेत्र घोषणा गर्न बाँकी रहेका वडालाई छिटोभन्दा छिटो घोषणा गरी नगरपालिकालाई तुरुन्त प्लाष्टिक झोला र गिलास मुक्त क्षेत्र घोषणा गर्न मद्धत गर्ने निर्णय गरेको छ ।

यसैगरी सवारी साधनको चापसंगसंगै जनघनत्व बढ्दै गएको र व्यवस्थित सडक नहुँदा सवारी साधन र पैदल यात्रीलाई परेको समस्याको समाधान गर्न सम्बन्धित निकायसंग समन्वय गरी कार्यान्वयन गर्न लगाउने, व्यवस्थित पार्किङ, पार्किङ शुल्क समेत समायोजन गर्न पहल गर्ने, ठेक्का लगाइने वडाको सरसफाई कार्यमा वडा वासीले सरपालिका संग समन्वय गरी कार्यान्वयन गराउने निर्णय समेत बैठकले गरेको छ ।

बैठकमा टोल विकास संस्थाको ३ दिने अध्ययन अवलोकन भ्रमणको आयव्यय पस्तुत, बैठकमा सहभागीहरुलाई स्वागत गरिएको टोल विकास संस्था वडा समन्वय समिति पोखरा-१० का अध्यक्ष एवं भ्रमण टोलीका संयोजक सम्मर बहादुर श्रेष्ठले जानकारी दिए ।

बैठकमा ३ दिने भ्रमणको प्रतिवेदन टोल विकास संस्था वडा समन्वय समिति वडा नं. १ का अध्यक्ष चन्द्रबहादुर गुरुङले प्रस्तुत गरेका थिए । बैठकमा महिला नगर समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङ, नगर समन्वय समितिका प्रथम उपाध्यक्ष उत्तम जोशी, द्वितीय उपाध्यक्ष तिलक तमु पाँच संग समन्वय गरी कार्यान्वयन गराउने निर्णय समेत बैठकले गरेको छ ।

पोखराको प्रभाव काठमाडौंमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ जेठ ।

पोखरा आसपासमा बनेको बादल पूर्वोत्तर सनैकमामा काठमाडौं आइपुर्गेपछि व्यापक हावा हरीसँगै वर्षा भएको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् शान्ति कँडेलले विहान पोखराको आकाशमा बनेको न्यूनचापीय क्षेत्रसँगै बादलको विकास भएपछि पोखरासहित काठमाडौं सम्मै हावाहुरीसहित वर्षा भएको बताइन् । 'बादलमा जलवाष्पयुक्त हावा छिर्दैगो र पानी पर्न रायो वातावरण बन्यो', कँडेलले भनिन्,-'त्यहीं भएर पोखरदेखि काठमाडौंसम्मै वर्षा भएको छ ।' पोखरदेखि पूर्वातिरको पहाडी भागहरुमा वर्षा भएको महाशाखाले जनाएको छ ।

मण्टेश्वरी तालिममा भर्ना खुल्यो !

बिगत ९ वर्षदेखि पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टरले CTEVT बाट सम्बन्धन प्राप्त गरी दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्वारा उत्कृष्ट मण्टेश्वरी तालिममा पोखलै आफ्नो अर्णणी पहिचान बनाउदै आएको सहर्ष जानकारी गराउन चाहन्छौं । कैयौं पटक जिल्ला तथा **२ पटक राष्ट्रिय शिक्षा पुरस्कार** बाट सम्मानित यस संस्था पोखरा, काठमाण्डौ, चितवन र बुटवलमा गरी हजारौं प्रशिक्षार्थीहरुलाई निःशुल्क तालिम सहित CTEVT को राष्ट्रिय सीप परीक्षण समितिबाट **सीप परीक्षण** गराई स्वदेश तथा विदेशमा रोजगारी दिलाउन सफल यस संस्थामा केही संख्यामा **तिन महिने** तालिमको **नयाँ भर्ना** खुलेको जानकारी गराउँदछौं ।

कक्षा सञ्चालन हुने मिति :- २०७३ जेष्ठ १६ गतेदेखि (तिन महिना)
भर्ना हुने अन्तिम मिति :- २०७३ जेष्ठ १४ सम्म
१२ कक्षाको परीक्षा दिएर बसेका विद्यार्थीका लागि **विशेष छुट** को व्यवस्था ।

पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ्ग सेन्टर
रानीपौवा, पोखरा, फोन नं. ०६१-५४१८७३

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग घिलाउने, सस्वा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने : स्तन सानो मिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग घिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिलावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबीका साथै अन्य घरेलोरुप ।
महिला वा पुरुषमा हुने (बाँझोपन) मि.सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाथ्रल, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिशा बस्दा गाह्रो हुने, मलद्वार दुःखे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९८४, ४८६०४१५३७, ४८०४१७२५३१
नयाँ तथा पुरानो बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

TCL
The Creative Life
Curved 55" Smart TV
insta CASH BACK offer up to NRS. 25,000/-
COLOR YOUR WORLD
Celebrate New Year 2073 with TCL
and get extra joy in return
Purchase any TCL LED TV, Washing Machine & Chest Freezer and get on the spot instant cash back worth up to NRs. 25,000.
LED TV • WASHING MACHINE • AIR CONDITIONER • CHEST FREEZER
CG EOL
Pushpa Ratna Traders, Pokhara 061-543039; Pumori Electronics, Pokhara 061-538285; BG Electronics, Pokhara 061-432483/ 9856027859; KC Electronics, Dulegauda: 9846060756; National Radio Center, Damauli: 065-561253; Adhikari Electronics, Baglung: 068-520165; New A5 Audi Video, Dumre: 065-580044; Dakshinkali Electronics, Pokhara 061-541340; Shree Ram Electronics, Waling: 9856055162; Shramik Radio TV Center, 12 Alu, Gorkha: 9846217817; Heera Sound & Vision Marmat Kendra, Bmc 068-520114/ 9857640041; Nisha Trading, Galyang, Waling: 9856020732; The Nice Electronics, Pokhara 061-528106/ 9856027392
ISO 9001:2008
9851119620
9851158580

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/ प्रधान सम्पादक अंगाधर पराजुली, निर्देशक हरिणिी बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९५४५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा